# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मरिण गाउँपालिका
## सिन्धुली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मरिण गाउँपालिका

## सिन्धुली

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मरिण गाउँपालिका

सिन्धुली

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर, बबरमहल, काठमाडौं, नेपाल

प्रदेश लेखापरीक्षण निर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

मरिण गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

मरिण, सिन्धुली ।

१. **कैफियत सहितको राय** — हामीले मरिण गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ८२ लाख ४० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३ करोड २७ लाख २० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३४ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५२ लाख १८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७० लाख ३९ हजार समेत गरी यस वर्ष रु.२ करोड ५७ लाख ५४ हजार बेरुजू कायम रहेको छ । मरिण गाँउपालिकाको गतवर्ष सम्म रु. ५ करोड ७१ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजू रु. ८ करोड २९ लाख ४४  हजार रहेको छ । मरिण गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मरिण गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud)  वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी  मरिण गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud)  वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

मरिण गाँउपालिका,

सिन्धुली जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १२४ | १४३ | ५८२४० | ० | ११४ | ३२७२० | २३४ | १२४ | २९ | २५७५४ | ३४९७ | १७०३९ | ५२१८ | ० | ० | २२२५७ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ५७१९० | ० | ० | ५७१९० | ० | २५७५४ | ८२९४४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३।७ | प्रमाण पेश | ३३०४२१९ |
| २ | ०७९।८० | ९ | प्रमाण पेश | ४५९६५३८ |
| ३ | ०७९।०८० | २९।४ | प्रमाण पेश | १७४९८२० |
| ४ | ०७९।०८० | २९।७ | मु अ कर असुल | ४३२३४० |
| ५ | ०७९।०८० | ३१ | अनुगमन भत्ता असुल | ९८४३० |
| ५ | ०७९।०८० | ३९ | अनुगमन भत्ता असुल | २९८८६० |
| ६ | ०७९।०८० | ४०।१ | सामाजिक सुरक्षा असुली | २५०१७८ |
| ७ | ०७९।०८० | ४०।३ | दोहोरो भत्ता असुली | १३६२३६ |
| ८ | ०७९।०८० | ४०।५ | सामाजिक सुरक्षा असुली | ९५१६ |
| ९ | ०७९।०८० | ४१ | बैठक भत्ता असुली | १८२३२५ |
| १० | ०७९।०८० | ४५ | प्रमाण पेश | १८४६११।१२ |
| | ०७९।०८० | ५६।१ | प्रमाण पेश | ४८१०४४ |
| | ०७९।०८० | ५९।२ | प्रमाण पेश | १३३७२६६० |
| | ०७९।०८० | ६० | नियमित भएको | ७१३१२४ |
| | ०७९।०८० | ६३।१ | दोहोरो भुक्तानी असुल | २५२०० |
| | ०७९।०८० | ६३।२ | प्रमाण पेश | २१०९७५ |
| | ०७९।०८० | ६३।५ | कर असुली | १४५३८ |
| | ०७९।०८० | ६५ | कर्मचारी व्यवस्था नियमित | ६१९५८६९।८ |
| | ०७९।०८० | ९२।२ | अग्रिम कर असुल | ३९५९७ |
| | ०७९।०८० | ९२।५ | अनुपातिक खर्च | ४२३७९८ |
| | **कुल जम्मा** | - | - | ३२७१९८७९.०१ |

**गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। पालिकामा ७ वडारहेको छ भने क्षेत्रफल३२४.५५ वर्ग किलोमिटर तथा २८८०८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।०९ देखि २०८०।१०।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयव्ययको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २३१०२०.० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | कल्पवृक्ष सिकाई केन्द्रको बढी भुक्तानी | ९६०००.० |
| २ | श्री महादेवस्था सामुदायिक केन्द्रको बढी भुक्तानी | १३५०२०.० |
| | जम्मा | २३१०२०.० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पूर्णरुपमा अद्यावधिक गरेको पाईएन।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

· संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन।

· निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन।

· दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

· कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो।

· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन।

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।

· मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो।

· कर्मचारीले एक पटक लिएको पेश्की फस्यौंट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो।

· पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको।

· आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फस्यौंट गर्ने गरेको।

· कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन।

· विद्युत महशुल समयमा भुक्तानी नहुँदा जरिवाना लाग्ने भएको हुँदा यस तर्फ ध्यान दिनुपर्दछ।

· भ्रमण प्रतिवेदन पूर्ण रुपमा राख्रे गरेको नपाइएको ।

· लगबुक पूर्ण रुपमा राख्रे नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३ **वित्तीय विवरण तर्फ :**

पालिकाले पेश गरेको आयव्यय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

३.१ पालिकाको सूत्र सफ्टवेयरबाट तयार भएको वित्तीय विवरण निम्नानुसार रहेको छ।

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

क) सूत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार २०७९ आषाढ मसान्तको मौज्दात रु ६,९४,३६,६४२.४९ रहेकोमा यो वर्ष २०७९ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु ६,३१,८७,८१६.७५ सारेकोले रु ६२४८८२५।७४ घटी जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले यकिन गर्नु पर्दछ ।

ख) एकीकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु ७४१८४७१७३।४९ रहेकोमा सूत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति कोलम अनुसार रु ५२,९९,५६,६६६।४७ देखाएकोले कार्यालयको आम्दानीमा रु २११८९०५०७। फरक परेकोले यकिन गर्नुपर्दछ।

ग) कार्यालयले तयार गरेको आय-व्यय विवरण अनुसार यस बर्षको बाँकी मौज्दात रु २९९३९७६०।६० रहेकोमा सूत्र सफ्टवेयरबाट जारी प्रतिवेदनमा बर्षान्तको बाँकी मौज्दात रकम रु ३,०१,३३,६९४।२० रहेकोले रु १९३९३३।६० फरक परेको छ। यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ।

घ ) पालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान तथा सहयोग रकम सूत्र प्रणालीमा समावेश गर्नुपर्नेमा यस बर्ष अन्तरसरकारी अख्तियारीबाट रु ११९७६०३५७।५२ प्राप्त भई खर्च भएकोमा सूत्र प्रणालीमा समावेश गरेको छैन। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका रकम अनुदान सूत्र प्रणालीमा आम्दानी जनाई खर्च गरिनु पर्दछ।

ङ) संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तिको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

३.२ **सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिम विवरणहरु तालुक निकायमा पठाउनु पर्दछ ।

३.३ **बढी जिम्मेवारी सारेको** – गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष लगायत सबै कोष खाताको मौज्दात रु. ३०,७२५,५२०। रहेकोमा कार्यालयले पेश गरेको आय व्यय विवरण अनुसार रु. ५००७६२७३।०१ जिम्मेवारी

सारेकोले रु १९३५०७५३।बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्दछ ।

३.४ **खर्च अनुपात -** प्रदेश सरकारको समपूरक अनुदानमा संचालित कार्यक्रममा प्रदेश वा संघीय सरकारको ५० प्रतिशत र गाउँपालिकाको ५० प्रतिशतका अनुपातमा खर्च गरिनुपर्दछ । कार्यालयले यसबर्ष संघीय तथा प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत निम्नानुसारका योजना कार्यान्वयन गरेकोमा निर्माण व्यवासयीसंग भएको सम्झौता अनुसार भुक्तानी गर्दा संघ तथा प्रदेश सकारको बढी र गाउँपालिका श्रोतवाट व्यहोरिने खर्च न्यून गरेको छ । निम्नानुसारका योजनामा सम्पन्न भएको कामको आधारमा संघ तथा प्रदेश सरकारको रु. १०९५३५२३।र गाउँपालिकावाट रु १०९५३५२३।- खर्च गर्नुपर्नेमा प्रदेश सरकारको संघ तथा प्रदेश सरकारको रु २०३४०३३४।- गरेकोले समपुरक अनुदान तर्फ रु. ९३८६८१०।- बढी खर्च लेखेकोले समपुरक अनुदान अनुसार खर्च अनुपात नमिलेको कार्यविधि विपरित देखिएको रु

| योजनाको नाम | योजनाको कूल खर्च | समपुरक श्रोतवाट गर्नुपर्ने खर्च | समपुरक श्रोतवाट गरेको खर्च | बढी खर्च |
|---|---|---|---|---|
| पञ्चकन्या पोखरी पर्यटकीय पूर्वाधार निर्माण | ३२७०३३४ | १६३५१६७ | ३२७०३३४ | १६३५१६७ |
| वडा नं ३ को कार्यालय भवन | ४४११८०० | २२०५९०० | ४०८५००० | १८७९१०० |
| फुटवल रंगशाला निर्माण साहान | ५२००२०० | २६००१०० | ४८१५००० | २२१४९०० |
| वडा नं ५ को कार्यालय भवन | ४४११८०० | २२०५९०० | ४०८५००० | १८७९१०० |
| वडा नं ७ को कार्यालय भवन | ४६१२९१३ | २३०६४५६ | ४०८५००० | १७७८५४३ |
| कूल | २१९०७०४७ | १०९५३५२३ | २०३४०३३४ | ९३८६८१० |

| | |
|---|---|
| अनियमित भएको | ९३,८६,८१० |

३.५ **कारोवारको लेखांकन –** कार्यालयले आर्थिक कारोवारको लेखांकन गर्दा प्रचलित कानून तथा लेखा सिद्दान्त अनुसार कारोवारको लेखाँकन गर्नुपर्दछ । पालिकाको बैंक नगदी किताव अनुसार गाउँपालिका चालुमा रु १४२०३४८।७६ तथा गाउँपालिका पूँजीगत खातामा रु १२४५९५१।८४ ऋणात्मक मौज्दात रहेको तथा संघीय हस्तान्तरण चालूतर्फ रु ८८७२८८।७६ र संघीय हस्तान्तरण तर्फ रु १२४५९५१।८४ बजेट मौज्दात रहेको देखिन्छ । बैंक नगदी कितावमा अनगिन्ति पटक रिभर्स भौचर उठाउने र खर्च श्रोत नखुलाई तथा प्रयोजन वेगर समायोजन भौचरहरु उठाउने गरेको छ । यसरी रिभर्स र समायोजन भौचरहरु उठाउँदा बैंक नगदी कितावमा कारोवारको यथार्थ लेखांकन नगरेकोले पालिकाले पेश गरेको आर्थिक विवरणको शुद्दता र यथार्थता यकिन गर्न सकिएन । आर्थिक कारोवार गर्ने पदाधिकारीहरुलाई जिम्मेवार वनाईनु पर्दछ ।

३.६ राजश्व परामर्श — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको राजश्व परामर्श समितिको २०७९।२।२३, २०७९।२।२४ र २०७९।२।२५ बैठक वसी रु २४१५१०००। आम्दानी हुने अनुमान गरे पनि श्रोतगत र क्षेत्रगत रुपमा प्राप्त गर्न सकिने आन्तरीक आयको प्रक्षेपण गरेको छैन। स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजश्व परामर्श समितिले राजश्वको श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको अनुमान गर्ने तथा नियमित बैठक बसी पालिकाको आय बृद्दि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३.७ **विशेष अनुदान खर्च** -

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ३,३०४,२१९ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३.८ **श्रोत अनुमान समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्रोत अनुमान समितिको बैठक बजेट प्रस्तुत गर्ने दिन भन्दा १२ दिन अगाडि अर्थात २०७९।२।२६ मा बसेपनि वडागत र पालिकाको लागि क्षेत्रगत बजेट सिलिङ नतोकी एकमुष्ट रु ६३२३३३८००। सिमा निर्धारण गरेको छ । ऐनको व्यवस्था बमोजिम समितिले बैसाख १० गते भित्र बजेट स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

३.९ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । पालिकाको बजेट तर्जुमा समितिको वैठक २०७९।३।३ मा बसे पनि बार्षिक बजेट यकिने नगरेको तथा बजेट बाँडफाँड, विषयगत र क्षेत्रगत वजेट बाँडफाड सम्बन्धी छलफल तथा योजनाको प्राथमिकीकरण गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम वीच तादाम्यता तथा परिपूरकता गर्ने कार्य गरेको देखिएन ।यसमा सुधार हुनुपर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।७ मा रु ६५ करोड ९२ लाख १५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

५ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे तापनि प्रभावकारी कार्यान्वयन भएको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **अनुदान फिर्ता :**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रू २९०५८२५१।५९ मिति २०८०।३।३० मा फिर्ता गरेको छ। पालिकाले फिर्ता गर्नुपर्ने अनुदानहरु समयमै फिर्ता गर्न ध्यान दिनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम (रु.) | खर्च रकम (रु.) | फिर्ता रकम (रु.) | फिर्ता मिति |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २१,१२,६५,५००।९६ | २१,१२,८५,९००.२० | १,४९,३४,०३७।३७ | २०८०/०३/३० |
| | विषेश | १,०६,०६,८७४।१६ | | ८०,३५,६०७।२३ | २०८०/०३/३० |
| | समपुरक | ७१,३९,९८०।२८ | | | |
| | अन्य | | | | |
| **प्रदेश सरकार** | शसर्त | १,९४,९६,२६३।६४ | १,९४,७२,३६३।६४ | ६,९९,७७२।०० | २०८०/०३/३० |
| | विषेश | | | | |
| | समपुरक | २,०२,०९,१२९।३७ | २,०२,०९,१२९।३७ | ५३,८८,८४४।३६ | २०८०/०३/३० |
| | अन्य | | | | |
| | **जम्मा** | **२६,८७,१७,७४८।४१** | **२५,०९,६७,३९३।२१** | **२,९०,५८,२५१।५९** | |

८ **कार्यपालिका निर्णय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पदान सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुने व्यवस्था छ । कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली बनाई सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको छैन । कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन विपरित निर्णयहरु गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । कार्यपालिकाले बिभिन्न समयमा बैठक बसी गरेका निर्णयहरु मध्ये केही निम्नानुसार छन् ।

| मिति | निर्णय नं. | निर्णयहरु |
|---|---|---|

| | | |
|---|---|---|
| २०७९।३।३१ | ३ | ९३ जना करार कर्मचारीको मिति २०७९।४।१ देखि २०८०।३।३० सम्म म्याद थप गर्ने निर्णय । |
| २०७९।६।२६ | ५(३) | वाग्मती प्रदेश सरकारको स्थानीय तहका पदाधिकारीले पाउने ईन्धन सुविधामा वडाध्यक्षलाई ईन्धन २० लिटर तोकिएकोमा थप १० लिटर दिने निर्णय |
| २०७९।९।१५ | ५ | सहकारी सम्बन्धी ७ कार्यक्रममा रु १० लाख कार्यान्वयन गर्ने निर्णय |
| बिभिन्न | बिभिन्न | सभावाट स्वीकृत कार्यक्रम र बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई प्रदान गरेकोमा बिभिन्न मितिको निर्णयवाट बजेट खर्च गर्ने सीमा तोकि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय |
| २०७९।९।२७ | ९ | एकल पुरुषलाई माघ महिनादेखि लागु हुने गरी मासिक २ हजार भत्ता दिने निर्णय |
| २०८०।१।१२ | ५ | उपभोक्ता समिति मार्फत संचालित योजना उसले समयमा सम्पन्न नगरेकोले म्याद थप गर्ने निर्णय |
| २०८०।१।२७ | ५ | भुजेल चोकदेखि ईप्रका जोड्ने सकड २०७९।८९ को हिउँदे अधिवेशनवाट रु २० लाख विनियोजन गरीएको र योजना कार्यान्वयनको आवश्यकता एवं औचित्यताको आधारमा रु ३० लाख लागत अनुमान हुने र चालु आवमा ठेक्का अगाडी बढाउने श्रोत सुनिश्चितता २०८०।८१ को बजेटवाट गर्ने निर्णय |

९ **दायित्व :**

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु.*** ४,५९६,५३८ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट (रु.) | खर्च (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७,०४,३५,००० | ५,९१,९६,२७२।०१ | ८४.०४ |
| २ | पूर्वाधार विकास | १४,०८,७५,००० | १०,०३,४८,३०९।६१ | ७१.२३ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | २९,०७,९७,८४० | २५,९८,१५,६१२।६० | ८९.३५ |
| ४ | बातावरण तथा विकास | १,२१,७०,००० | १,०६,५०,८७८।८९ | ८७.५१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,८९,१२,००० | १,६३,८६,६८८।७६ | ८६.६४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२,६०,२५,९६० | १०,३९,४५,५८७।७३ | ८२.४८ |
| जम्मा | | ६५,९२,१५,८०० | ५५,०३,४३,३४९।६० | ८३.४८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८९.३५ प्रतशित र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ७१.२३ प्रतिशत रहेको छ ।

## ११ लक्ष्य प्रगति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ ।

## १२ पदाधिकारी सुविधा :

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. ५३८८००० खर्च लेखेको देखिन्छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २४ जना | मासिक जम्मा | बार्षिक जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | | |
| २ | यातायात खर्च | ० | ० | ० | १५००० | ४८००० | ६३००० | ७५६००० |
| ३ | टेलिफोन,मोबाइल | ३००० | ३००० | १४००० | ९००० | २४००० | ५३००० | ६३६००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | पुस्तक,पत्रपत्रिका, ईन्टरनेट | २००० | २००० | ७००० | ६००० | २४००० | ४१००० | ४९२००० |
| ५ | समन्वय तथा सहजीकरण | १०००० | १०००० | ४९००० | १२००० | ० | ८१००० | ९७२००० |
| ६ | अतिथि सत्कार | ९००० | ५००० | २८००० | १२००० | ३६००० | ९०००० | १०८००००० |
| ७ | खानेपानी, बिजुली | २५०० | २५०० | ७००० | ३००० | १२००० | २७००० | ३२४००० |
| ८ | सरसफाई मर्मत | २५०० | २५०० | ७००० | ६००० | ० | १८००० | २१६००० |
| ९ | खाजा खर्च | ५००० | ५००० | २१००० | ९००० | ३६००० | ७६००० | ९१२००० |
| | मासिक जम्मा | ३४००० | ३०००० | १३३०००० | ७२००० | १८०००० | ४४९००० | |
| | बार्षिक जम्मा | ४०८०००० | ३६००००० | १५९६००० | ८६४००० | २१६०००० | | **५३८८०००** |

## १३ खाना विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.३९५४४२४। खर्च गरेको छ। जुन आन्तरिक आय रु १८४७५३०३ को तुलनामा २१.४० प्रतिशत रहेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

## १४ आर्थिक सहायता :

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २४४ व्यक्तिहरुलाई न्यूनतम रु. ५००० देखि अधिकतम रु. १००००० सम्म रु. ३०८२००० आर्थिक सहायता वितरण गरेको देखिन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १८४७५३०३ को तुलनामा १६।६८ प्रतिशत हुन आउँछ। निश्चित कार्यविधि र मापदण्ड वेगर औषधी उपचार, वाढी पीडित, आगलागी जस्ता घटनाका पीडितलाई कार्यपालिकाले पटके निर्णय गरी आर्थिक सहायता वितरण गर्ने गरेको पाइयो। यसरी कार्यविधि र मापदण्ड बेगर कार्यपालिकाले निर्णय गरी आर्थिक सहायता वितरण गर्दा व्ययभार बढ्ने भएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

१५ **सेवा प्रवाह :**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १६५६ |
| मृत्युदर्ता | २९५ |
| बसाईसराई दर्ता आएको | ७१ वटा/२६६ |
| बसाईसराई दर्ता गएको | ७८ वटा/२८० जना |
| विवाह दर्ता | ५३९ |
| सम्बन्धविच्छेद दर्ता | २१ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | १.५२ कि मी |
| ग्राभेल सडक मर्मत | |

कार्यालयबाट प्रवाह गर्ने सेवालाई चुस्त दुरुस्त बनाउनु पर्दछ ।

१६ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १८६३५१ | १२२६० | २३०५३ | ५४४३० | ९६६०७ | ४४४७२ |
| प्रतिशत | | ६.५८ | १२.३७ | २९.२१ | ५१.८४ | २३.८६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८६३५१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १२२६०(६.५८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२३०५३ (१२.३७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु ५४४३० (२९.२१ प्रतिशत) र चौथो त्रैमासिकमा रु ९६६०७ (५१.८४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ४४४७२ (२३.८६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १७ **खर्च विश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१९८८७१७३.२९ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५३०६१८१२०.०.० समेत रु. ५५०५०५२९३.२९ आम्दानी भएकोमा चालु तर्फ रु. ३६३९९१५६९.५० र पूँजिगत तर्फ रु. १८६३५१७८०.१० गरी रु.५५०३४३३४९.६ खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६१ प्रतिशत रहेको छ ।यसवर्ष पदाधिकारी सुबिधामा रु. ५३,८८,०००.० खर्च भएको छ जुन आन्तरिक आयको २७ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६६.१३ प्रतिशत र ३३.८६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १८ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३

मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल २०९ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाख सम्मका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २२ | १७ | १ | ४ |
| २. | वडास्तरीय | १८८ | १ | १४ | १७३ |
| **जम्मा** | | २१० | १८ | १५ | १७७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित सबै योजनाहरु कार्यान्वयन भए तापनि प्रभावकारी रुपमा संचालन भएको देखिदेन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १९ वार्षिक खरिद योजना/गुरुयोजना :

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १८६३५१७८० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## २० ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,

हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २१ लागत सहभागिता :

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## २२ कल्याण कोष :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू. १००००० कोषमा जम्मा गरेको छ। सो को लागि कार्यविधि तयार गरिनु पर्दछ।

## २३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## २४ आवधिक योजना :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

२५ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको २० गरी कुल २३ विवाद दर्ता भएकोमा ५ वटा मात्र फस्र्यौट भई १८ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

२६ **धरौटी तर्फ :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।

२७ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस

वर्ष निम्नानुसारका निर्माण व्यवसायीलाई रु.९१४८४३६।८५ पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ।

| गो भौ नं र मिति | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|
| ठेकेदार | | |
| ३।०७९।१०।१५ | नमोबुद्ध निर्माण सेवा | ३७४५०० |
| ६०।०७९।१०।१५ | नमोबुद्ध निर्माण सेवा | १११०००० |
| ४।०७९।११।१५ | समाज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४९४६५९।८८ |
| ७।०७९।१२।२८ | समाज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २९४७७५।६० |
| ९।०७९।१२।२८ | अम्बर शान्ति बिल्डर्स एण्ड सप्लायर्स | ५९१८०० |
| २५।०८०।३।२१ | एल एस कन्स्ट्रक्सन प्रा ली | ७३६३३८।३७ |
| २६।०८०।३।२१ | एल एस कन्स्ट्रक्सन प्रा ली | ७५३३६३ |
| संस्थागत | | |
| ३८२।०७९।११।४ | राअस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | ५३३००० |
| २१।०८०।२।२९ | सिद्धकाली/दहाल जे भी | २१३०००० |
| २३।०८०।३।१३ | सिद्धकाली/दहाल जे भी | २१३०००० |
| | **कुल जम्मा** | **९१४८४३६।८५** |

२८ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २७७००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन । तसर्थ, पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२९ **आन्तरीक आय :**

२९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाको राजश्व परामर्श समितिले यसवर्ष शीर्षकगत आय अनुमान नगरी एकमुष्ट रुपमा रु २४१५१०००।आय प्राप्त गर्ने सिफारीस गरेकोमा यस वर्ष सूत्र प्रणाली अनुसार रु १८४७५३०३। प्राप्त गरी लक्ष्यको तुलनामा ७४.५० प्रतिशत मात्र आय प्राप्त गरेको देखिन्छ । राजश्व आयको प्रक्षेपण गर्दा शीर्षकगत आय प्रक्षेपण गर्ने र सभाले पनि सोही अनुसार आय अनुमान गर्नुपर्नेमा नगरेको तथा लक्ष्य अनुसार आय प्राप्त गर्न नसक्नुको कारण पत्ता लगाई पालिकाको आय बृद्दि गरिनु पर्दछ ।

२९.२ **आम्दानी लेखाङ्कन** - गाउँपालिकाले राजश्व आम्दानी लेखांकनको लागि सुशासन नामक राजश्व सफ्टवेयर प्रयोग गरेको छ । उक्त सफ्टवेयर अनुसार रु ५१७४९९३।०७ मात्र आय प्राप्त गरेको तर सूत्र प्रणाली अनुसार रु १८४७५३०३। आय प्राप्त गरेको देखिन्छ । कार्यालयले राजश्व आम्दानी प्राप्त गरेकोमा राख्नुपर्ने म.ले.प फारम नम्बर लगायतका अभिलेख नराखेकोले प्राकृतिक श्रोत साधनको विक्रि आम्दानी लगायतका आम्दानी राजश्व सफ्टवेयर प्रणालीमा लेखाँकन गरेको छैन ।सफ्टवेयर प्रयोग गरेकोमा सवै आम्दानीको एकीकृत लेखाँकन गरिनु पर्दछ ।

२९.३ सफ्टवेयर प्रमाणीकरण - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका, २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । कार्यालयले राजश्व आम्दानीको लागि प्रयोग गरेको सुशासन सफ्टवेयर विभागबाट प्रमाणीकरण गराएको देखिएन । प्रमाणीकरण नगराइ सफ्टवेयर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्री सूविधा, तथा PKL Software Enabled सुविधा नहुने हुंदा Governmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टवेयर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने तथा कार्यालयका गोप्य सुचना चुहावट हुन सक्ने देखिन्छ । सुरक्षाको हिसाबले गाउँपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर मात्र प्रयोग गर्नुपर्दछ ।

२९.४ **राजश्वको बैंक हिसाव मिलान विवरण** –

**........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. १,७४९,८२० सम्परीक्षण गरिएको ।)***

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२९.५ **प्राकृतिक श्रोत विक्री** – गाउँपालिकाले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार पालिका क्षेत्र भित्र बग्ने मरिण नदिवाट बार्षिक ३६३७५ घमी नदीजन्य पदार्थ उत्खनन तथा बिक्री गर्न सकिनेमा यसवर्ष ९४४८ घ मीको मात्र ठेक्का व्यवस्थापन भई रु ३३२५६९६। मात्र आय प्राप्त भएकोले समयमै तोकिएको परिमाणमा ठेक्का व्यवस्थापन गर्न नसक्नुको कारण पहिचान गरी तोकिएको परिमाणमा ढुङ्गा गिट्टी वालुवा विक्री गरी आय प्राप्त गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । प्राप्त हुनुपर्ने राजश्व र प्राप्त भएको राजश्व सम्बन्धमा भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सकिएन ।

२९.६ **राजश्व दाखिला -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।

२९.७ **मूल्य अभिवृद्धि कर** –

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ४३२,३४० सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | ० |
|---|---|

३० **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले

गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३१ **अनुगमन भत्ता :**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु. ९८,४३० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **सवारी साधन मर्मत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार ५ वटा चार पाङ्ग्रे सवारी साधन रू २४२६५५६।३८ र २२ वटा २ पाङ्ग्रे सवारी साधन रु २३३८०५ मर्मत गरेवापत वार्षिक रु २६६०३६१ खर्च गरेको छ। पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

३३ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। सरकारी वेवसाईट तथा सफ्टवेयर GIDC को Government cloud मा होस्ट गर्नुपर्ने तथा NITC बाट Domain स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले न्यायीक व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी रु. ४,९१,५५० खर्च गरेकोमा सूचना प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । उक्त सफ्टवेयर पालिकाले प्रयोगमा ल्याएको समेत देखिएन। यस्ता सफ्टवेयर स्वीकृति लिएर प्रयोग गर्नुपर्दछ।

३४ **सवारी साधन खरिद :**

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्नानुसारका ९ वटा दुई पाङ्ग्रे सवारी साधन खरिद गरी रु ३११४०००। खर्च गरेका छन् । प्रचलित कानुन र निर्देशनको पालनामा पालिकाले ध्यान दिनु पर्दछ।

| **क्र सं** | **सवारी साधन** | **खरिद संख्या** | **रकम** | **खरिद मिति** |
|---|---|---|---|---|
| १. | मोटरसाइकल | ८ | २८१६००० | २०७९।६।१३ |

| | | | | |
|---|---|---|---|---|
| २. | स्कुटर | १ | २९८००० | २०७९।१२।३० |
| **जम्मा** | | | **३११४०००** | |

३५ **ईन्धन खर्च :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १२५ लिटर ईन्धन र १० लिटर मोविल, वडा अध्यक्षलाई मासिक ३० लिटर ईन्धन र २ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ। पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन र अन्य प्रयोजन समेतको लागि बार्षिक रु. ५४७५८७८।५८ ईन्धनमा खर्च गरेकोमा उक्त ईन्धन खर्चको लगबुक पूर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सुविधाको सिमाको समेत पालना गरेको देखिएन। पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लिखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

३६ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कम्प्युटर, प्रिन्टर, फर्निचर लगायतका सामग्रीहरु लिलाम विक्री तथा मर्मत गर्नुपर्ने देखिन्छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको समयमा नै मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ।

३७ **घर भाडा :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रीय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तीमा ७ दिनको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.७१६४०० भुक्तानी गरेको पाइयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

३८ **लघु उद्यम विकास कार्यक्रमः**

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसूचि ३ बमोजिमको मेड मोडल अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आ.व. २०७९/८० मा बाख्रापालन तालिम,बेमौसमी तरकारी खेती तालिम लगायत ८५ जनालाई प्रदान गरी रु.२७,१०,५५०.० खर्च गरेको पाईयो यसरी प्रदान गरिएका उद्यमशीलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमी भई निजको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य नगरेकोले यस तर्फ विशेष ध्यान दिनुपर्दछ ।

३९ **अनुगमन भत्ताः**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु. २९८,८६० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **सामाजिक सुरक्षा तर्फ :**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस बर्ष पालिकाले रु. ८९०९९४७७ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

४०.१ **सामाजिक सुरक्षातर्फ बढी निकासाः**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. २५०,१७८ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४०.२ **नागरिकतानम्बर दोहोरो परेको** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय

निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छः

| किस्ता | वार्ड नं | परिचयपत्र नं | नाम | नागरिकता नं | दाखिला रकम |
|---|---|---|---|---|---|
| १ | ३ | २०१६०११००५६०४ | इन्द्रमाया बि क | २०३०२९१५६२ | ७९८० |
| १ | ३ | २०४३०९०१०२२६८ | वाङचु दोर्जे वल | २०३०२९१५६२ | २१२८ |
| १ | ४ | २००५०१०९००२७९ | विर्ख बहादुर विश्वकर्मा | ६८ | १२००० |
| १ | ४ | १९८७०११०००२५१ | पन्चमाया माझी | ६८ | १२००० |
| २ | ५ | २००८०६११००८६४ | कृष्णमाया भोलान | २५८६४८९५ | १२००० |
| २ | ५ | २०११०६०६००९८३ | पदम बहादुर भोलान | २५८६४८९५ | १२००० |

४०.३ **दोहोरो भुक्तानी :**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३७ को निर्णयबाट रु. १३६,२३६ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४०.४ **एम आई एस प्रणाली:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्यु दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउँदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहुदा एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाईएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टि प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

४०.५ **सामाजिक सुरक्षा** :

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ९,५१६ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४०.६ **परदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैंक र लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाईएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । पालिकाको कार्यालयले कार्यविधिको पालनामा ध्यान दिनु पर्दछ।

४०.७ **अनुगमन तथा सुपरीवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरीवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ।

४०.८ **अद्यावधिक गर्नेः** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१) मा स्थानीय तहले प्रत्येक आर्थिक बर्षको लागि कार्तिक मसान्त भित्र लाभग्राहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यवस्था छ ।सो कार्यबिधिको बुँदा नं १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यलयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहीको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो। लाभग्राहीको लगत अध्यावधिक गरिनु पर्दछ।

४०.९ **निष्क्रिय खाता**: सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैंकबाट अनूसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाईएन।

४१ **बैठक भत्ता :**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट* **रु. १८२,३२५** *सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४३ **बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । गो भौ नं ३१८।०७९।१०।१६, पालिकाले सुनिता आयल सेन्टरलाई इन्धन वापत रु ४३२८८४ भुक्तानी दिएकोमा रु १५९९६ को ३ वटा कुपन बेगर भुक्तानी दिएकोले उक्त रकम यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९९६ |

४४ **वितरणमूखी तथा अनुत्पादक कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विभिन्न खेलकुद प्रतियोगीता, विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता, अवलोकन भ्रमण, कम्वल वितरण, झुल वितरण जस्ता वितरणमूखी कार्यक्रमहरु संचालन गरी खर्च गरेको देखियो । यसरी ऐन विपरित योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनले तोके बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिँदै कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । यस सम्वन्धी केही उदाहरण यस प्रकार छन्।

| सि नं | गो भौ नं मिति | कार्यक्रमको नाम | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | १८७।०७९।७।२० | झुल वितरण | ६४१८४० |
| २ | १९७।०७९।७।२१ | वडास्तरीय खेलकुद प्रतियोगिता | १५०००० |
| ३ | २०५।०७९।७।२८ | खेलकुद प्रतियोगिता | १५०००० |
| ४ | २१०।०७९।८।८ | खेलकुद प्रतियोगितामा सहभागी हुन | २००००० |
| ५ | २१६।०७९।८।१९ | वडास्तरिय खेलकुद प्रतियोगिता | १५०००० |
| ६ | ४३३।०७९।११।२९ | भलिवल खेल प्रतियोगिता संचालन | १००००० |
| ७ | ५१६।०७९।१२।२२ | ग्याल्वो ल्होसार सास्कृतिक कार्यक्रम संचालन | ७५००० |
| ८ | ५७९।०८०।१।२५ | ब्याडमिन्टन प्रतियोगिता संचालन | ७०००० |
| ९ | ५८२।०८०।१।२६ | क्यारेमवोर्ड प्रतियोगिता संचालन | २५००० |
| १० | ६४०।०८०।२।१७ | तामाङ डाजाङलाई मातृभाषाको संगित प्रवर्द्धन | १००००० |
| ११ | ६७०।०८०।२।२९ | इन्डक्सन चुलो वितरण | ६८९७७४ |
| १२ | १७६।०७९।७।१७ | वडा नं ७ को खेलकुद प्रतियोगिता | १५०००० |
| १३ | २९०।०७९।९।२४ | अध्यक्ष कप रनिङ सिल्ड खेलकुद प्रतियोगिता | २३००००० |

४५ **प्रमाण पेश नभएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सक्कल बिल भरपाई साथ लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारका भौचरबाट भुक्तानी दिएकोले सोसँग सम्बन्धित विल भरपाई तथा प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु.

| **गो भौ नं र मिति** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ७७५।०८०।३।२४ | | ३०००० | गोश्वारा भौचर पेश नभएको। |

**........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु. १८४६११.१२ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

४६ **बढि भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेटबाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत खर्चको गोश्वारा भौचर साथ संलग्न गर्नुपर्दछ। पालिकाले निम्नानुसारका भौचरबाट इन्धनको बिल रकम भुक्तानी गर्दा बिलमा रहेको परिमाण भन्दा बढी भुक्तानी खर्च लेखेको रकम यकिन गरी असुल गर्नुपर्ने रु

| **गो भौ नं** | **फर्मको नाम** | **भुक्तानी भएको लि.** | **भुक्तानी हुनुपर्ने लि.** | **बढी भुक्तानी लि.** | **बढी भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| २६ | बाबा जनरल स्टोर | २८१० | २७२० | ९० | १५५९३ |
| ६१९ | सुनिता आयल स्टोर | १९०।४७ | १७०।५३ | १९।९४ | ३५१५ |
| ६१९ | सुनिता आयल स्टोर | २२२६।८७ | २१४३।८७ | ८३ | १३७९९ |
| **जम्मा** | | | | | **३२९०७** |
| | | | | असुल गर्नुपर्ने | ३२,९०७ |

४७ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। नमूना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा फर्महरुसँग पटक पटक गरी रु. ४०२८०६९ को सोझै खरिद गरेको देखियो। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं मिति | सप्लायर्सको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २१७।०७९।८।१९ | HP computer center | सामग्री खरिद | २४६६३३ |
| २९८।०७९।९।२९ | HP computer center | सडक बत्ती खरिद | ३५८१५१ |
| ३०७।०७९।१०।५ | खुशी बुक्स एण्ड स्टेशनरी सप्लायर्स | कार्यालय सामग्री खरिद | १९४९७० |
| ३०७।०७९।१०।५ | | कार्यालय सामग्री खरिद | २०१६०३ |
| ३१७।०७९।१०।१६ | खुशी बुक्स एण्ड स्टेशनरी सप्लायर्स | कार्यालय सामग्री खरिद | ३९९०८७ |

| | | | |
|---|---|---|---|
| ३८७।०७९।११।०८ | वेलकम इन्टरप्राइजेज | कार्यालय सामग्री खरिद | ७३६५९० |
| | | | १७३११६ |
| | | | ३४९८४८ |
| | | | २३२७८० |
| | | | ३१३४६२ |
| ३८९।०७९।११।८ | HP computer center | Server rack खरिद | ८७५७५ |
| ७६२।०८०।३।२३ | खुशी बुक्स एण्ड स्टेशनरी सप्लायर्स | कार्यालय सामग्री खरिद | २२५५२५ |
| ७०२।०८०।३।२४ | HP computer center | कार्यालय सामग्री खरिद | ९७०६७ |
| | मोसाद इन्टरनेशनल प्रा लि | कार्यालय सामग्री खरिद | १५००१६ |
| | अरनिको इन्टरप्राइजेज सिन्धुली प्रा लि | कार्यालय सामग्री खरिद | ९९७०० |
| १४६।०७९।६।१३ | एस एस इलेक्ट्रोनिक एण्ड वाच सेन्टर | कार्यालय सामग्री खरिद | १६१९४६ |
| जम्मा | | | ४०२८०६९ |

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा गोरेटो बाटो बनाउने, ट्याङ्की, इनार निर्माण, बाटो मर्मत सम्भार लगायतका कार्यमा ७१ योजना सञ्चालन गरी यस वर्ष १९२ जनालाई औसत ५३.१७ दिनले १५६४४ दिन रोजगारी उपलव्ध गराई रु.८९५९८०५।०७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४९ **घाटा खनयानी फर्से ज्यामिरे चुरे सडकः**

ठेक्का नं MRM/Sindhuli/Works/NCB/12/079-80 को २०७९।११।२५ मा आपूर्तिकर्ता श्री प्रतिभा कन्स्ट्रक्सन प्रा. लि.सँग रु ७६७१६५४।३४ (मु.अ.कर तथा प्रोभिजनल समसहित) मा २०८०।०२।३२ सम्म कार्यसम्पन्न गर्ने गरी भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

४९.१ **एज बिल्ट नक्सा र मूल्यांकन प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने तथा स्वीकृत बोलपत्र कागजातको जि सि सि मा एज बिल्ट नक्सा पेश नगरेमा रु ३५००००। रोक्का राख्नुपर्ने उल्लेख छ। कार्यालयले एज विल्ट नक्सा प्राप्त नगरी निमार्ण व्यसायीलाई भुक्तानी दिएकोले नक्सा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको हो भन्ने कुरा यकिन गर्न सकिने नदेखिएकोले एज बिल्ट नक्सा पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

४९.२ **सम्झौताभन्दा फरक कार्यको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्‍लु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएशनको परिमाण खुलाई भेरिएशन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। सम्झौताभन्दा फरक लम्बाई, चौडाइ र उच्चाईमा गरेको कार्यको भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौता बमोजिम कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिई सम्झौता बमोजिम कार्य गराउनुपर्दछ। तसर्थ नियममा भएको व्यवस्था बमोजिम कार्यमा परिवर्तनको कारणसहित भेरिएशन वेगर सम्झौताभन्दा फरक कार्यको भुक्तानी दिएको नियमसम्मत देखिएन।

| ड्रइङ्ग तथा सम्झौता बमोजिम गर्नुपर्ने कार्य | नापी किताब अनुसार योजना स्थलमा भएको काम |
|---|---|
| चेनेज ६+९८० देखि ९+५०० मा | चेनेज ६+९८० देखि ९+५०० मा |
| ६ मिटर चौडाई अनुसार खन्ने कार्य ३३५२३।५ | ५-९ मिटर चौडाइ खन्ने कार्य ४१४२१।१५ |

४९.३ **नर्म्सको प्रयोग** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। लागत अनुमान तयार गर्दा सडक विभागबाट स्वीकृत भएको Guideline for Estimating

Equipment Ownership and Operating Costs 077-78 को आधारमा खन्ने कार्यको प्रति घन मिटर रु ५३.१९ का दरले लागत अनुमान तयार गर्नुपर्नेमा प्रति घन मिटर रु १०५.४२ का दरले लागत अनुमान बनाएकोमा निर्माण व्यवसायीले प्रति घन मिटर रु ९५ मा कबोल गरेको दरका आधार प्रति घन मिटर रु ४१.८१ का दरले ४१४२१ घन मिटर कार्य रु १७३१८१२। थप व्ययभार परेको देखिन्छ। कार्यालयले लागत अनुमान तयार गर्दा विशेष ध्यान पुऱ्याउनुपर्दछ।

५० **मोटरसाईकल खरिदः**

उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को बुदाँ नं. ४ (५) मा सार्वजनिक निकायले क्याटलग सपिङ्ग विधिवाट खरिद गर्दा मालसामान उत्पादन गर्ने कम्पनीले उत्पादनको विशेषता, गुणस्तर र सुविधाका आधारमा तय गरेको थोक विक्री मूल्य र सुविधा सम्वन्धित कम्पनीको वेभसाईट वा कागजात (ब्रोसर) मा अनिवार्य रुपमा सार्वजनिक गरिएको मालसामान उत्पादक कम्पनी वा मालसामान निर्माण कम्पनीले तोकेको अधिकृत /आधिकारीक विक्रेता कम्पनीसँग बुदाँ नं. ७ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) र नियम १४ को अधिनमा रही मालसामानको स्पेशिफिकेशन वा अन्य आवश्यक विवरण तथा लागत अनुमान तयार गरी कार्यविधिको बुदाँ १८ बमोजिम औजार, मेशिनरी, उपकरण, वा यस्तै अन्य यान्त्रिक मालसामानहरुको हकमा मुल्य अभिवृद्धि कर सहित बढीमा रु. २५,००,०००। -पच्चिस लाख) सम्म कार्यविधिको बुदाँ नं. ६ बमोजिम बुदाँ नं. ५ अनुसार तय गरेको विक्री मूल्य सम्बन्धित कम्पनीको वेभसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गरेपछि समानस्तरको मालसामान उत्पादन गर्ने कम्पनीले तोकेको थोक मूल्यमा प्रतिस्पर्धा गराई उत्पादक वा त्यसको अधिकृत/आधिकारीक विक्रेतावाट तोकिएको मूल्य र सुविधा मध्ये मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव प्राप्त गरेपछि मूल्यमा पाइने छुट र सुविधामा हुने थप समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेख भए बमोजिम मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही प्रस्तावदाता छनोट गर्नुपर्ने उल्लेख छ। कार्यालयले २२० सि.सिको ५ थान मोटरसाईकल र १५० सि.सि को ३ थान मोटरसाईकल क्षितिज ईन्टरप्राईजेजबाट रु. २८१६०००.० मा खरिद गरेको देखिएता पनि क्षितिज ईन्टरप्राईजेज आधिकारिक विक्रेता भएको प्रमाण पेश हुन नआएकोले उक्त मोटरसाईकल खरिद सम्बन्धि खर्चबारे यकिन हुन सकिएन।

५१ **उपभोक्ता समितीः**

५१.१ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न १८८ उपभोक्ता समितिसँग सम्झौता गरी रु.४६९७६५८६.८३ खर्च गरेकोमा गठन भएका उपभोक्ता समिति ऐनको व्यवस्थाअनुसार दर्ता भएको पाईएन। उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न

भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

५१.२ उपभोक्ता समितिको अभिलेखः उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।

५१.३ **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।

५१.४ **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

५१.५ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९)मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश

सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ।

५१.६ **उपभोक्ता समितिबाट निर्माण गरिएका निर्माण कार्यको एजविल्ट नक्साः** निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

५१.७ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरित हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।

५२ **परामर्श सेवाः**

५२.१ **कार्यक्षेत्रगत शर्तः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था अन्तर्गत परामर्शदाताको मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय,परामर्शदाताले काम सुरु गर्ने र सम्पादन गरिसक्नु पर्ने समय,परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन,तथ्यांक,नक्सा,सर्भे प्रतिवेदन आदिको विवरण तयार गर्नुपर्ने उल्लेख छ ।तर पालिकाले Feasibility Study of Educational Status of Marin Rural Municipality कार्यको लागि मुख्य जनशक्तिको काम तथा योग्यता र निजले गर्नुपर्ने कामको लागि लाग्ने अनुमानित समय,परामर्शदाताले काम सुरु गर्ने र सम्पादन गरिसक्नु पर्ने समय,परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन,तथ्यांक,नक्सा,सर्भे प्रतिवेदन लगायतका शर्तहरु उल्लेख नगरी कार्यक्षेत्रगत शर्त बनाई परामर्श सेवा खरिद वापत रु.७९४५०३.० खर्च लेखेको औचित्यता र प्रभावकारिताबारे यकिन हुन सकिएन ।

५२.२ **जिन्सी आम्दानीः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी

किताबमा सात दिनभित्र बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने वयवस्था रहेको छ ।नमूना छनौटको आधारमा परीक्षण गर्दा केन्द्रले विभिन्न समयमा देहाय बमोजिम सम्भाव्यता अध्ययन स्वरुप खर्च गरेको पाईयो तर सो सम्भाव्यता अध्ययन प्रतिवेदन नियमावली अनुसार जिन्सी आम्दानी बाँधी लगत खडा गरेको पाईएन ।केन्द्रले नियमावली बमोजिम जिन्सी आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्दछ ।

| **विवरण** | **परामर्शदाता** | **भुक्तानी रकम** |
|---|---|---|
| Feasibility Study of Educational Status of Marin Rural Municipality | *Himal Multipurpose Research and Development Pvt.Ltd* | ७९४५०३.० |
| *सिन्धुरे दोभान रातामाटा सेपाहा जोड्ने सडकको विस्तृत अध्ययन(***DPR***)* | *Empower Consultant Pvt.Ltd* | ९५७६७५.० |
| **जम्मा** | | **१७५२१७८.०** |

५२.३ **परामर्श सेवामा पेश्की भुक्तानीः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२(क) मा परामर्श सेवा खरिदमा पेश्की सम्बन्धी व्यवस्था छैन ।पालिकाले ऐलानी जग्गा नापी र अभिलेखीकरण कार्यको लागि राअस ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. लाई परामर्श सेवा खरिद RFP-1/MRM/2079-080 अन्तर्गत मिति २०७९/१०/२४ मा सम्झौता गरी पेश्की रकम रु.५३३०००.० खर्च लेखेको पाईयो ।यसरी परामर्श सेवा खरिद नियमावलीमा व्यवस्था नभएको रकम भुक्तानी भएको नियमसम्मत नदेखिएको साथै उक्त पेश्की असूल फस्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३३,००० |

५३ **एच डि पि इ पाइप खरिदः**

एच डि पि इ पाइप खरिदः सिलबन्दी दरभाउपत्र नं 03/079-80 को २०७९।। मा आपूर्तिकर्ता श्री नेपाल सिन्टेक्स इण्डस्ट्रिच प्रा लिसँग पाइप खरीद गर्न रु १९१९३६१।५० (मु.अ.करसहित) मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५३.१ **प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतीः** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले रु १९१९३६१।५० मा खरिद गरेको पाइपको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम प्राप्त भए नभएको गुणस्तर जाचँको प्रतिवेदन तथा निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए

नभएको यकिन गर्न विश्वस्त आधार नदेखिएको र नियमावली भएको व्यवस्थाबमोजिम प्राप्त पाइप तोकिएबमोजिमको स्फेसिफिकेशन तथा गुणस्तरबमोजिम भएको यकिन प्रमाण वेगर भुक्तानी दिएको सम्बन्धमा प्रमाण पेश गर्नुपर्दछ।

५३.२ **कार्यस्वीकार प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ९५ बमोजिम सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधि लगत तयार गर्नुपर्ने तथा दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने तथा सार्वजनिक खरीद नियमावलीको नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा खर्च लेख्नुपर्ने उल्लेख छ। कार्यालयले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख नगरी तथा कार्यस्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी दिएको देखिन्छ। कार्यालयले विभिन्न साईजको २४७५० रन मिटर पाइप रु १९१९३६१। (मु. अ. करसहित) मा खरिद गरिएकोमा विभिन्न वडाका वडाध्यक्षहरु तथा विभिन्न व्यक्तिहरुलाई बुझाएको भरपाईको आधारमा जिन्सी खाताबाट खर्च लेखेकोमा सो पाइप कुन ठाउँमा कति परिमाण प्रयोग भएको हो सोसम्बन्धि नापि किताब तथा कार्यस्वीकार प्रतिवेदन तयार नगरेकोले सोको कार्यस्वीकार प्रतिवेदन पेश गरिनु पर्दछ।

५३.३ **बहुवार्षिक सम्झौताः** सार्वजनिक खरिद नियमावलीको नियम ५ मा खरिद कारबाहीको तयारी गर्नुपर्ने तथा खरिद कारबाहीको तयारी गर्दा खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्नुपर्ने तथा नियम ६ मा खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही शुरु गर्न नहुने तथा आयोजनाको बहुवर्षिय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ बमोजिम स्वीकृति नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने तथा निर्देशिका शर्त पुरा नगरेका तथा मध्यकालीन खर्च संरचनामा सामेल नभएका आयोजना र कार्यक्रमलाई बहुर्षीय ठेक्काको लागि स्रोत सहमति नदिइने उल्लेख छ। कार्यालयले बहुवर्षिय नभएका सालबसाली भएका निम्न आयोजनाहरुको सम्झौता आउने आर्थिक वर्षमा म्याद तथा आर्थिक दायित्व हुने गरी सम्झौता गरेको देखिन्छ। यसरी नियममा भएको व्यवस्था विपरीत निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने, श्रोत सुनिश्चितता नहुने तथा बढी खर्चिलो हुने तथा कम गुणस्तर हुने देखिन्छ।

**(विस्तृत विवरण अनुसूचीमा ४ संलग्न छ ।)**

५४ **ग्याविन बक्स खरिदः**

सिलबन्दी दरभाउपत्र नं 04/079-80 को २०७९।। मा आपूर्तिकर्ता श्री बि.के.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स सिन्धुलीसँग ग्याविन बक्स खरीद गर्न रु १९२६०९९।४६ (मु.अ.करसहित) मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५४.१ **प्राविधिक स्पेसिफिकेशन निरीक्षण तथा स्वीकृतीः** सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच

भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नुपर्ने उल्लेख छ। कार्यालयले रु १९२६०९९।४६ मा खरिद गरेको ग्याविन बक्सको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम प्राप्त भए नभएको गुणस्तर जाचँको प्रतिवेदन तथा निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। यसकारण प्राप्त सामान तोकिएबमोजिमको स्फेसिफिकेशनअनुसार प्राप्त भए नभएको यकिन गर्न विश्वस्त आधार नदेखिएको र नियमावली भएको व्यवस्थाबमोजिम प्राप्त ग्याविन बक्स तोकिएबमोजिमको स्फेसिफिकेशन तथा गुणस्तरबमोजिम भएको यकिन प्रमाण वेगर भुक्तानी दिएको सम्बन्धमा प्रमाण पेश गर्नुपर्दछ।

५४.२ **कार्यस्वीकार प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ९५ बमोजिम सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधि लगत तयार गर्नुपर्ने तथा दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने तथा सार्वजनिक खरीद नियमावलीको नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा खर्च लेख्नुपर्ने उल्लेख छ। कार्यालयले प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख नगरी तथा कार्यस्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी दिएको देखिन्छ। कार्यालयले २*१*१ साईजको ४५७ थान ग्याविन बक्स प्रति थान रु ३७३०। का दरले रु १९२६०९९। (मु. अ. करसहित) मा खरिद गरिएको ग्याविन बक्स कार्यालयका विभिन्न वडाका वडाध्यक्षहरु तथा विभिन्न व्यक्तिहरुलाई बुझाएको भरपाईको आधारमा जिन्सी खाताबाट खर्च लेखेकोमा सो ग्याविन कुन ठाउँमा कति परिमाण प्रयोग भएको हो सोसम्बन्धि नापि किताब तथा कार्यस्वीकार प्रतिवेदन तयार नगरेकोले सोको कार्यस्वीकार प्रतिवेदन पेश हुनु पर्दछ।

५४.३ **लागत अनुमानः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। सिन्धुली जिल्लाको जिल्ला दररेट समितिले मेसिनबाट निर्माण हुने विभिन्न साईजको ग्याविन बक्सहरु जिल्ला दररेट तोकेको छ। समितिले MBC/10*12/3.0/3.9/2.4/ZN स्पेशिफिकेशन भएको २*१*१ साईजको मुल्य प्रति थान रु ३२१० तोकेकोमा कार्यालयले सो बमोजिम सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले नगरी लागत अनुमान प्रति थान रु ३७४०। तोकी सिलबन्दी दरभाउपत्र गर्दा रु ३७३०। मा कबोल गर्दा जिल्ला दररेटको तुलनामा प्रति थान रु ५३०। का दरले ४५७ थानको रु २४२२१०। बढेको देखिन्छ। तसर्थ कार्यालयले लागत अनुमान तयार गर्दा विशेष ध्यान पुऱ्याउनु पर्दछ।

५४.४ **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा

बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको देखिन्छ।

| **गो.भौ. र मिति** | **खरिद विवरण** | **विनियोजित बजेट** | **सेवा प्रदायक** | **रकम** |
|---|---|---|---|---|
| २०।०७९।०७।२१ | एच डि पि ई पाइप खरीद | २० लाख | नेपाल सिन्टेक्स ईन्डस्ट्रिच प्रा लि | १९१९३६१।५० |
| | ग्याविन बक्स खरीद | २० लाख | बि.के.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १९२६०९९।४६ |
| **जम्मा** | | | | **१४५०६३८** |

## ५५ फुटवल स्टेडियम सहनः

**फुटवल स्टेडियम सहनः** ठेक्का नं MRM/Sindhuli/Works/NCB/13/079-80 को २०७९।०२।२२ मा निर्माण व्यवसायी श्री सिद्धकाली-दाहाल जे. भी. सँग रु २४७८८१५९।९३ (मु.अ.कर तथा प्रोभिजनल समसहित) मा २०८०।०२।३० सम्म कार्यसम्पन्न गर्ने गरी भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५५.१ **बोलपत्र मूल्याँकनः** सार्वजनिक खरिद ऐनको नियम १०(६) बोलपत्रदाता वा प्रस्तावदाताले पेश गरेको योग्यता सम्बन्धी विवरण तथ्यगत रुपमा झुट्टा वा सारभुत रुपमा अपूरो भएको बोलपत्रदाता वा प्रस्तावदातालाई अयोग्य ठहराउन सक्ने तर सानातिना त्रुटि भएको अवस्थामा सम्बन्धित बोलपत्रदाता वा प्रस्तावदाताबाट सो सम्बन्धी जानकारी माग गरी सच्याउन सकिने तथा ऐनको दफा २४ मा सिलबन्दी भई नआएको, म्यादभित्र पेश हुन नआएको, दफा १९ बमोजिम फिर्ता लिएको बोलपत्र, दफा २३ को उपदफा (२) बमोजिम नभएको, दफा २६ को उपदफा (६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएका बोलपत्र, दफा २३ को उपदफा (७) बमोजिम रद्द भएको बोलपत्र उपर कारबाही नगरिने उल्लेख छ। तर कार्यालयले फुटवल स्टेडियम निर्माण कार्यको लागि प्राप्त भएका बोलपत्रहरुमध्ये सारभुत रुपमा अपूरो नभएको बोलपत्रहरु मध्ये न्यूनतम कबोल अंक भएका निर्माण व्यवसायीसँग सम्झौता गर्नुपर्नेमा Letter of Technical Bid मा मान्य अवधि खाली राखेको तथा Declaration of he/she is not involving in more than 5 current running project नखुलेको कारण जनाई बोलपत्र दर्ता भएका तीन बोलपत्रदाताहरु रुवी कन्स्ट्रक्सन, सारस।एस एन जे भी र सिद्धिकाली।दाहाल जे भि मध्ये रुवी कन्स्ट्रकसनलाई अयोग्य बनाई वित्तीय मुल्यांकनमा समावेश गरेको देखिएन तथा उक्त सम्बन्धमा रुवी कन्स्ट्रक्सन को समेत उजुरी परेको तथा ठेक्का नं MRM/Sindhuli/Works/NCB/01/079-80 महेश्वता हरिहरपुरगढी सडक स्तरोन्नतीको बोलपत्र मुल्यंकनमा उक्त विषयले सात्वीक फरक नपार्ने भनी मुल्यांकन समितिले निर्णय गरेको देखिन्छ। ऐनको दफा १०(६) बमोजिम सामान्य टाईपिङ्ग गल्ति, एउटा ठेक्का उक्त विषय सात्वीक फरक नपार्ने तर यस ठेक्का पार्ने विषय तथा Letter of Technical Bid मा Declaration of he/she is not involving in

more than 5 current running project गरेको अवस्थामा सारभुत रुपमा बोलपत्र अपूर्ण तथा दफा २४ बमोजिम बोलपत्र अमान्य गर्नुपर्ने अवस्था नरहेकोले प्रतिस्पर्धा सिमित हुने गरी गरेको मुल्यांकन नियमसंगत देखिएन। कार्यालयले सरकारी खर्च हुने विषयमा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी बनाउनेतर्फ आवश्यक ध्यान दिनुपर्दछ।

५५.२ **खेलकुद मैदान सम्बन्धी मापदण्डः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधी, २०७५ बमोजिम आवश्यक न्युनतम मापदण्ड न्यूनतम २५ रोपनी जग्गा, खेलकुद ग्रामको रुपमा विकास गर्न क्रमिक रुपमा निर्माण हुदाँ आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान लगायतका मापदण्ड र जग्गाको बनौट तथा प्रकार (भिरालो, पानी निस्कने, पहिरो जाने, आकार) बमोजिम आवश्यक संरचना निर्माण गर्न सक्ने संभाव्यता ख्याल नगरी तथा प्राप्त हुन नसक्ने जग्गा समेतलाई अनुमान गरी तयार गरिएका डि.ई.आर. प्रतिवेदन अनुसार कार्यान्वयन गरेको देखिएन। साथै स्वीकृत डि.ई.आर. प्रतिवेदन तयार भईसकेको योजनाको कार्यान्वयन सोबमोजिम हुनुपर्नेमा उक्त डि.ई.आर. प्रतिवेदनमा गर्नुपर्ने कार्यको विस्तृत कार्यपरिमाणसहितको लागत अनुमान तयार गरेको देखिदैन। उक्त स्टेडियम तोकिएको मापदण्ड पुरा गरी निर्माण गरिएको कुरामा विश्वस्त हुन सक्ने आधार देखिएन । तसर्थ उक्त खर्च खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनका लागि प्रत्येक स्थानिय तहमा दीर्घकालीन महत्वका १ वटा खेलकुद पूर्वाधार निर्माण गर्न तोकिएबमोजिम मापदण्ड पुरा गरी गर्नुपर्दछ।

५५.३ **खर्चको अभिलेखः** सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नम्बर ३ (४) मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार सहलगानी वा सामझदारीमा संचालन हुने कार्यक्रम वा आयोजनाबाहेक कार्यक्रम वा आयोजना संचालन गर्दा एकआपसमा दोहोरो नपर्ने गरी संचालन गर्नुपर्ने तथा कुनै कारणले कुनै कार्यक्रम वा आयोजना दोहोरो पर्न गएमा अर्थ मन्त्रालयमा लेखी पठाउनुपर्ने उल्लेख छ। तसर्थ, उक्त योजनामा हालसम्म कुन सरकारको श्रोतबाट के कति कार्य तथा खर्च भएको सोको अभिलेख अध्यावधिक गरी राख्नुपर्दछ।

५५.४ **योग्यता परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ ६ मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी मुल्य अभिवृद्धि कर ऐनको दफा १०(ख) बमोजिम आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्दि कर दर्ता गर्न लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त ठेक्का सम्झौता गर्दा छनौट भएको जेभीलाई उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्दि कर दर्ता गर्न लगाएको पाईएन । उक्त जेभीले आन्तरीक राजश्व कार्यालय मा PAN No 619378330 दर्ता मिति २०७९।१०।२५ यस वोलपत्रको सुचना मिति २०७९।१२।१६ मा प्रकाशन हुनुभन्दा अगावै दर्ता भएको देखिन्छ। नयाँ योजनाको लागि नयाँ जे भि र नयाँ कर दर्ता नं हुनुपर्नेमा ठेक्का सम्झौता हुनु पुर्वको जेभी कर दर्ता नं बाट उक्त ठेक्का कार्य गरेकोले जेभीसंग सम्झौता गरी भुक्तानी दिंदा कार्यालयको ध्यान पुगेको देखिएन । प्रचलित कानून बमोजिम निर्माण व्यवसायीलाई कारवाही गर्न

सम्बन्धित निकायमा पत्राचार गरी यस वर्ष भुक्तानी दिएको मूल्य अभिबृद्दि कर रु ५५३९३८ को समायोजन गरेको प्रमाण पेश गर्नपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५३,९३८ |

५६ **ब्रोडबेण्ड सर्भिस स्थापना तथा संचालनः**

ठेक्का नं MRM/Sindhuli/Works/NCB/02/079-80 को २०७९।०२।२६ मा सेवाप्रदायक श्री एरो नेट प्रा लिसँग कार्यालयअन्तर्गतका विभिन्न वडा, स्कुल तथा स्वास्थ्य संस्थाहरुमा ब्रोडबेण्ड सेवा स्थापना तथा संचालन गर्न रु १०२६१५३०। (मु.अ.करसहित) मा भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५६.१ **बढी भुक्तानीः**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ४८१०४४ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६.२ **चेकजाँच तथा प्रमाणिकरणः** स्वीकृत बोलपत्र कागजातको Supplementary Information को भुक्तानी तालिकामा पहिलो भुक्तानी Supply, Delivery & Installation & Commencement of Broadband भएको RMCPL/NTA/Independent appointed by NTA बाट चेकजाँच तथा प्रमाणीकरण गराई मात्र उल्लेख छ। कार्यालयले सो चेकजाँच तथा प्रमाणीकरण भएको प्रमाण कागजात वेगर रु ५०२३९२३।५० भुक्तानी दिएको देखिएकोले चेकजाँच तथा प्रमाणीकरण प्रतिवेदन पेश गर्नुपर्दछ।

५६.३ **अधुरो कार्यः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ मा निर्माण व्यवसायी सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनुपर्ने र सार्वजनिक निकायले खरिद सम्झौताको कार्यान्वयनको सुपरीवेक्षण गर्नुपर्ने तथा नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करार शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले सेवाप्रदायकले सम्झौताबमोजिम पुरै कार्य सम्पन्न गर्नुपर्नेमा आंशिक मात्र गरेकोले सामुदायिक स्वास्थ्य इकाई सिर्थौली, ज्ञानोदय नि मा वि सिर्थौली, प्रा वि भोक्टेनी, जनज्योती प्रा वि सिखरडाँडा, प्रा वि लहरे माईस्थान, प्रा वि भालुवटार, प्रा वि ठुलीनेटो लगायत ७ स्थानमा इन्टरनेट सेवा

जडान तथा संचालन नभई कार्य बाँकी रहेकोले सम्झौता बमोजिमको इन्टरनेट सेवा जडान कार्य समयमा कार्यसम्पन्न गराउनु पर्दछ।

५६.४ **बीमाः** स्वीकृत बोलपत्र कागजात तथा सम्झौताको जि सि सि १९.१ मा सेवाप्रदायकले तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। सेवाप्रदायकले तोकिएबमोजिम निर्माण उपकरण तथा मेशिनको बीमाको तोकिएको बीमांक रकमबराबर, तोकिएको व्यक्तिहरु बराबरको तोकिएको वर्षको तेश्रो पक्ष बिमा तथा निर्माण कार्यको कुल कार्य र प्लान्ट तथा मेसिनरीको बीमा गर्नुपर्नेमा सेवाप्रदायकले बीमा नगराएको जोखिम न्युनिकरण तथा सम्झौताको शर्तको कार्यान्वय गर्न बीमा गराउन कार्यालयको ध्यान जानुपर्दछ।

५७ **भेरिएशन आदेशः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएशनको परिमाण खुलाई भेरिएशन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएशन आदेश स्वीकृत वेगर निम्न कार्यहरु गरेकोले भेरिएशन आदेश स्वीकृत भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,०३,७८२ |

**(विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।)**

५८ **निर्माण कार्यको स्वीकृत नम्स**

**निर्माण कार्यको लागत अनुमानः** सार्वजनिक खरिद नियमावलीको नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही निर्माण सम्बन्धी नम्स को आधारमा तयार गर्नुपर्ने उल्लेख छ। तर कार्यालय यस खानेपानी योजना निर्माण कार्यको लागत अनुमान तयार गर्दा खानेपानी विभागबाट स्वीकृत नम्स बमोजिम Rate analysis तयार नगरेको कारण सार्वजनिक निर्माण कार्य मितव्ययी भएको यकिन हुने विश्वस्त हुने आधार देखिएन। तसर्थ कार्यालयले लागत अनुमान तयार गर्दा सम्बन्धी कार्य विशेषसँग सम्बन्धित Norms for Rate analysis प्रयोग गर्नुपर्दछ।

५९ **१५ शैया अस्पताल निर्माणः**

ठेक्का नं MRM/Sindhuli/Works/NCB/02/079-80 को २०७९।०९।२५ मा आपूर्तिकर्ता श्री स्काई बिल्डर्स प्रा. लि.सँग रु १४६२८७२२१।९५ (मु.अ.कर तथा प्रोभिजनल समबाहेक) मा २०८१।०८।३० सम्म कार्यसम्पन्न गर्ने गरी भएको सम्झौता सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छनः

५९.१ **कार्यमा ढिलाई -** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गरिनु पर्दछ। निर्माण व्यवसायीले सम्झौताको समयमा पेश गरेको कार्यतालिका अनुसार २०८० आषाढमसान्तसम्म साईट क्लिरेन्स १००% गर्नुपर्नेमा ०%, र फाउण्डेसन कार्य १००% गर्नुपर्नेमा ०% मात्र कार्य गरेको देखिन्छ। साथै खरिद सम्झौताको जि.सि.सि. को उपधारा ४०.१ मा निर्माण व्यवसायीले प्रत्येक महिनाको अन्तमा मासिक भएको कार्यको विवरण बुझाउनुपर्ने तथा कार्यालयले सोको अभिलेख राख्नुपर्नेमा सो समेत गरेको देखिँदैन। निर्माण व्यवसायीले कार्यमा ढिलाई गरेकोले सम्झौता अवधिको (२६%) समय सकिसक्दा कुनै रनिङ्ग प्राप्त नभई संतोषजनक कार्य नभएको देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीको कारणले भएको ढिला कार्यलाई नियन्त्रण गरी अविलम्ब कार्य सम्पन्न गराउन तथा सार्वजनिक खर्चमा प्रभावकारीता तथा मितव्ययीता कायम गर्न कानुनबमोजिम आवश्यक कदम पहल गर्नुपर्दछ।

५९.२ **बिशेष मूल्याङ्कन -**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।३१ को निर्णयबाट रु. १३,३७२,६६० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **प्राविधिक फिल्ड भत्ता :**

✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. ७१३,१२४ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| अनियमित भएको | ० |

६१ **नपाउने सुविधाः**

बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका पदाधिकारीहरुले पाउने विभिन्न सुविधाहरु तोकिएको छ । उक्त व्यवस्था अनुसार पालिकाले यातायात सुविधा

अन्तर्गत पालिका अध्यक्ष, उपाध्यक्षलाई गाडी सुविधा उपलब्ध गराएको छ भने वडा अध्यक्षहरुलाई मोटरसाइकल उपलब्ध गराएको देखिन्छ। साथै सवारी साधन लिएका वडा अध्यक्षलाई मासिक २० लिटर इन्धन उपलब्ध गराउने व्यवस्था रहेकोमा निम्नानुसारका पदाधिकारीहरुलाई कार्यपालिकाले निर्णय गरी नियमानुसार पाउनु पर्नेभन्दा भन्दा बढी इन्धन सुविधा दिएकोले ऐनले तोके भन्दा बढी दिएको सुविधा वापतको रकम यकिन गरी असुल गर्नुपर्ने रू

| क्र सं | नामथर | बढी इन्धन लि. | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १ | वडा अध्यक्ष श्री हिरा बहादुर गुर्मछान | १२० | २११८० |
| २ | वडा अध्यक्ष श्री कमल आले मगर | १२० | २११८० |
| ३ | वडा अध्यक्ष श्री जित बहादुर श्रेष्ठ | १२० | २११८० |
| ४ | वडा अध्यक्ष श्री जित बहादुर काल्तान | १२० | २११८० |
| ५ | वडा अध्यक्ष श्री दिपक माझी | १२० | २११८० |
| ६ | वडा अध्यक्ष श्री हर्कवीर माझी | १२० | २११८० |
| ७ | वडा अध्यक्ष श्री चन्द्र बहादुर थिङ | १२० | २११८० |
| जम्मा | | ८४० | १४८२६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४८,२६० |

६२ **करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष थप :**

करार कर्मचारीलाई सामाजिक सुरक्षा कोष थप : करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कुनै कानूनी व्यवस्था भएको छैन । यस गाउँपालिकाको २०७८ असार ८ को गाउँसभाले आगामी वर्षदेखि करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्द गराउने निर्णय अनुसार गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७८।५।९ मा सामाजिक सुरक्षा कोषलाई पत्राचार गरी करार तथा अस्थायी सेवाका कर्मचारीहरुलाई कोषमा आवद्ध गराईदिन पत्राचार गरी ९८ कर्मचारीहरुलाई शुरु तलबको २० प्रतिशत सामाजिक सुरक्षा थप गरी तलब भत्ता भुक्तानी गरेको देखिन्छ । यसरी करार सेवाका कर्मचारीहरुको सामजिक सुरक्षा वापतको थप रकम सुविधा भुक्तानी गर्न मिल्ने स्पष्ट कानुनी आधार नभएकोले गाउँसभाको निर्णय कानून सम्मत नदेखिएको रु

| क्र सं | कर्मचारीको नामथर | शुरु तलव | थप रकम | जम्मा बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | शेखरचन्द्र शाह | ४८७३७.०० | ९७४७.४० | ११६९६८.८० |

| | | | | |
|---|---|---|---|---|
| २. | बिनय सुयाल | ४३६८९.०० | ८७३७.८० | १०४८५३.६० |
| ३. | अमृत स्याङ्तान | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ४. | इन्द्र कुमार श्रेष्ठ | ४३६८९.०० | ८७३७.८० | १०४८५३.६० |
| ५. | सुदीप के.सी. | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ६. | सुमन पौडेल | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ७. | राम बहादुर थोकर | २७६१२.०० | ५५२२.४० | ६६२६८.८० |
| ८. | सुमन फुयाँल | २९७२८.०० | ५९४५.६० | ७१३४७.२० |
| ९. | नवराज माझी | २७६१२.०० | ५५२२.४० | ६६२६८.८० |
| १०. | बालकुमारी बि.के. | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ११. | बिनोद श्रेष्ठ | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |
| १२. | अशोक कुमार भलोन | २९७२८.०० | ५९४५.६० | ७१३४७.२० |
| १३. | जङ्ग बहादुर माझी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| १४. | कमला माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| १५. | पञ्च माया योञ्जन | ४३६८९.०० | ८७३७.८० | १०४८५३.६० |
| १६. | विशाल कुमार स्याङ्तान | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| १७. | रीत बहादुर लाखे | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |

| | | | | |
|---|---|---|---|---|
| १८. | आशिष सुवेदी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| १९. | साईशा सापकोटा | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |
| २०. | राम कुमार माझी | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |
| २१. | पवन सुवेदी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| २२. | सबिता थापा | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| २३. | श्रीजन माझी | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |
| २४. | इमाला अछामी ढोलकोटी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| २५. | निङ्मा घोले थिन | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| २६. | इन्द्रकुमारी माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| २७. | उषा कुमारी भुजेल | २६०८२.०० | ५२१६.४० | ६२५९६.८० |
| २८. | सविता भुजेल | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| २९. | दुपवाङ गोले तामाङ | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ३०. | हरिकृष्ण डार्लामी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ३१. | मिना कुमारी गिरी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ३२. | इन्द्रबहादुर श्रेष्ठ | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ३३. | कविता रिजाल | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |

| | | | | |
|---|---|---|---|---|
| ३४. | चिना कुमारी बुढाथोकी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ३५. | सुमित्रा कुमारी ब्लोन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ३६. | रुपक घलान | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ३७. | दिल बहादुर वाइबा | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ३८. | नमुना श्रेष्ठ | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ३९. | वीरबहादुर वाइबा | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ४०. | रेशु बम्जन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४१. | सुस्मा नेपाली लाखे | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ४२. | विज्ञान दोर्जे बल | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४३. | जसमान स्याङ्तान | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४४. | हेमकर्ण अस्तानी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४५. | निस्मा भोलान | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४६. | कमला कुमारी बम्जन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४७. | चित्रा कुमारी श्रेष्ठ | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ४८. | सीता माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ४९. | जयन्ती मृष क्षेत्री | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |

| | | | | |
|---|---|---|---|---|
| ५०. | अम्बर बहादुर मिजार | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ५१. | कान्छी मायाको कुरा | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ५२. | सम्झना कुमारी विश्वकर्मा | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ५३. | तेजेन्द्र बहादुर लुङ्गेली मगर | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ५४. | मोहन बहादुर खत्री | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ५५. | निर बहादुर बुढाथोकी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ५६. | मेनुका बम्जन पाखरिन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ५७. | कमला आरन | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ५८. | रोशन माझी | २७६१२.०० | ५५२२.४० | ६६२६८.८० |
| ५९. | नीलकुमार थापा | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ६०. | जित कुमारी आले | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ६१. | चन्द्रिका गिरी | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ६२. | मनु कार्की | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ६३. | मनिषा बराइली | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ६४. | देविका अले | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ६५. | आशा श्रेष्ठ | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |

| | | | | |
|---|---|---|---|---|
| ६६. | सिर्जना बमजन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ६७. | विष्णुप्रसाद सापकोटा | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ६८. | होम राज सुयाल | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ६९. | सम्झना सुवेदी | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ७०. | कविता माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७१. | इन्द्र माया माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७२. | खेल मायाको कुरा | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७३. | खड्ग कुमारी गुरमाछन | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७४. | बेदीमाया गुरुमछन | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ७५. | दिनेश कुमार माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७६. | सबिना माझी | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ७७. | बिमला माया बम्जन | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ७८. | ज्ञानबहादुर जिम्बा | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ७९. | मन्दिरा कुमारी माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ८०. | हरि माझी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ८१. | हेमबहादुर भुजेल | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |

| | | | | |
|---|---|---|---|---|
| ८२. | कमला विश्वकर्मा | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ८३. | स्वस्तिका लाखे | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ८४. | सबिना श्रेष्ठ | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ८५. | अर्जुन श्रेष्ठ | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ८६. | विष्णु कुमारी बालमपाखी | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ८७. | किशोर कुमार सरदार | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ८८. | सुभाष प्रसाद साह | ४८७३७.०० | ९७४७.४० | ११६९६८.८० |
| ८९. | सोनी गुरुमाछन | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ९०. | सुमन गडैली | ३४७३०.०० | ६९४६.०० | ८३३५२.०० |
| ९१. | शम्भु कुमार मल्लिक | २४७०२.०० | ४९४०.४० | ५९२८४.८० |
| ९२. | पबी माया राणा मगर | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ९३. | कान्छा मान्छे स्याङ्तान | २७६१२.०० | ५५२२.४० | ६६२६८.८० |
| ९४. | सुस्मिता माझी | २००००.०० | ४०००.०० | ४८०००.०० |
| ९५. | बासुदेव जोशी | ४३६८९.०० | ८७३७.८० | ५६२१२.४ |
| ९६. | सुशीला कुमारी स्याङ्तान | ३२९०२.०० | ६५८०.४० | ७८९६४.८० |
| ९७. | प्रमोद तिमल्सिना | ४३६८९ | ८७३७८ | ६११६४ |

| | | | | |
|---|---|---|---|---|
| ९८. | संकला खड्का | ३२९०२ | ६५८०.४० | ५५७१६ |
| **total** | | **३०१४६३५** | **६८१५६७.२** | **७११९५४४** |
| | | | अनियमित भएको | ७१,१९,५४४ |

६३ **आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु :**

६३.१ ✂ **........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२५ को निर्णयबाट रु. २५,२०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३.२ ✂ **........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. २१०,९७५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३.३ (५३५-२०७९-१२-१०):

**प्रमाण पेश नभएको :** पालिकाले श्रेष्ठ हार्डवेयरवाट पालिका भित्रका सामुदायिक स्कुलहरुको लागि रु ४४६७०२ वरावरको २४ वन्डल जस्ता खरिद गरेकोमा वितरण गरेको भर्पाइ पेश नभएको। साथै जस्तापाता वितरण भएको विद्यालयहरुमा जस्ता लगाउने कार्य सम्पन्न भए नभएको एकिन नभएकाले सो सम्वन्धमा फोटोहरु तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,४६,७०२ |

६३.४ **इन्धन खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले निम्नानुसारको इन्धन खरिद गरेकोमा इन्धन जिन्सी दाखिला नगरेको तथा इन्धन खपतको लगवुक समेत नराखी खर्च

लेखेको देखिदा इन्धन खर्च मितव्ययी तवरले भएको छ भनि आश्वस्त हुन सकिएन । इन्धन प्रयोग गर्ने पदाधिकारीको नाम नामेसी खुल्ने गरी लगबुक राख्ने तथा मितव्ययी तवरले इन्धन खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| **भौ न** | **परिमाण (लि)** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १७२ | २१०० | ३७६६९९ | जिन्सी दाखिला नगरेको |
| १३५ | ३५० | ६२७२० | जिन्सी दाखिला नगरेको |
| २१२ | १६५० | २९७३७५ | जिन्सी दाखिला नगरेको |
| २६४ | २४३० | ४३६५६९ | जिन्सी दाखिला नगरेको |
| २६ | २२५० | ३८९८१६ | जिन्सी दाखिला नगरेको |
| ३१८ | १८२५ | ३२२१५० | जिन्सी दाखिला नगरेको |
| ३८९ | ७५० | १३०५७७ | जिन्सी दाखिला नगरेको |
| ४४९ | १०२६ | १८१३१२ | जिन्सी दाखिला नगरेको |
| ५४२ | १९०० | ३३४८६७ | जिन्सी दाखिला नगरेको |
| ६१९ | १४७७ | २४५५४४ | जिन्सी दाखिला नगरेको |
| ७२८ | २५५० | ३५२६१४ | जिन्सी दाखिला नगरेको |
| **जम्मा** | **१८३०८ लि** | **३१३०२४३** | |

सैद्धान्तिक बेरुजु

६३.५ कर कट्टी नगरेको :

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुली भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. १४,५३८ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४ **भ्रमण खर्च :**

बागमती प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई अनुगमन तथा भ्रमण खर्च रू ४११६९६४ भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन:

· पालिकाका भ्रमणमा खटिएका अधिकांश कर्मचारीहरुको भ्रमणको उद्देश्यमा पालिकाको कामकाज उल्लेख गरेकोले उक्त भ्रमण पालिकाको कामका लागि भएको हो भनी सूनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

· भ्रमण पश्चात तोकिए वमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

· पालिका भित्रै भ्रमण गरेको भनि भ्रमण खर्च लेख्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर हुने भ्रमण खर्चलाई नियन्त्रण गर्न तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययीता कायम गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६५ **कर्मचारी व्यवस्था :**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ६,१९५,८६९.८ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| अनियमित भएको | ० |

६६ **नापी किताब र नापी किताब नियन्त्रण खाताः**

लेखा निर्देशिका २०७३ मा कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी शुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट शुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण खाता राखेको छैन । यसकारण गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ ।

६७ **ठेक्का अभिलेखः**

महालेखा नियन्त्रक कार्यालयले चालु तथा सम्झौता गरिएका ठेक्काहरुको गोश्वारा लगत राख्न अर्थाथ ठेक्काको समष्टिगत अभिलेख राख्न म.ले.प.फा.नं. ५०७ को व्यबस्था गरेको छ। कार्यालयले सो फाराममा सबै व्यहोरा खुलाई ठेक्काको अभिलेख राखेको पाइएन। यस्तो अबस्थामा ठेक्का अनुसार के कति काम भई भुक्तानी भएको छ, जमानतहरुको अबधि तोकिए अनुसार बहाल रहेको छ छैन भन्ने व्यहोराका अतिरिक्त अन्य व्यहोरा समेत अनुगमन मुल्याङ्कन तथा लेखापरीक्षण गर्न समेत सहज हुनेमा सो ढाँचामा अभिलेख अद्यावधिक गरी राखेको पाइएन।

६८ **कन्टिजेन्सी अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविध स्वीकृत गराई गर्नुपर्दछ। कटेन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो राख्ने गरेको छैन। यसकारण कटेन्जेन्सी खर्च नियमानुसार खर्च भएको यकिन गर्न विश्वस्त आधार देखिएन। तसर्थ, नियमानुसार कन्टिजेन्सी खर्चको अभिलेख राखी कन्टिजेन्सी खर्च मितव्ययी तथा प्रभावकारीतवरले खर्च गर्नुपर्दछ।

६९ **कार्यसम्पन्न प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा उपनियम (२क) मा उपनियम (२) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा उपनियम (१क) बमोजिमको अभिलेख समेत संलग्न गर्नुपर्ने उल्लेख छ। कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुर्याई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन बनाउने गरेको छैन। यसबाट निर्माण व्यवसायीको त्रुटी सच्याउने दायित्वबाट पन्छिन पाउने तथा त्रुटिसम्बन्धि अभिलेख नहुनुको साथै निर्माण कार्य दीर्घकालिन, गुणस्तरयुक्त तथा स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम नहुने देखिन्छ। तसर्थ कार्यालयले नियममा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

७० **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, निर्माण व्यवसायीबाट

गरिने निर्माण कार्यको कतिपय लागत अनुमानमा निर्माण कार्यको परिमाण BOQ मा गुणस्तर परीक्षणको रकम समावेश नभएको र BOQ मा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको तथा उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

## ७१ कार्यतालिकाः

कार्यालय तथा निर्माण व्यवसायीबीच भएको सम्झौताको जि.सि.सि. मा निर्माण व्यवसायीले Letter of Acceptance प्राप्त गरेको १५ दिनभित्र कार्यतालिका पेश गर्नुपर्ने तथा पहिले पेश गरेको कार्यतालिका बमोजिम समयमा कार्य नगरेमा तथा वास्तविक कार्य पेश गरीएको कार्यतालिकाभन्दा फरक भएमा हरेक ६० दिनमा सम्झौता अवधिमा तोकिएको कार्य सक्ने गरी अध्यावधिक कार्यतालिका कार्यालयमा पेश गरी स्वीकृत गराउनुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले तोकिएको समयमा वास्तविक तथा विश्वासयोग्य अध्यावधिक कार्यतालिका पेश नगरेमा निर्माण व्यवसायीको भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । तर निर्माण व्यवसायीले सम्झौताबमोजिम अध्यावधिक कार्यतालिका पेश गरी स्वीकृत गराएको देखिदैन। यसकारण निर्माण व्यवसायीको कारणले निर्माण कार्य ढिला भइरहेको तथा कार्य सम्पन्न गर्नुपर्ने अवधी बढने अवस्थाको सिर्जना भएको देखिन्छ। तसर्थ कार्यालयले बाँकि सम्झौता अवधिमा कार्यसम्पन्न गर्ने गरी अध्यावधिक कार्यतालिका पेश नगरेकोमा भुक्तानी रोक्का नराखेको देखिन्छ। तसर्थ कार्यालयले निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यतालिका पेश नगर्दा कार्य समयमा सम्पन्न नहुने जोखिम न्युनिकरण गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाई सोबमोजिम अद्यावधिक कार्यतालिका तोकिएकोबमोजिम पेश नगरी म्याद थपको बेला मात्र अध्यावधिक कार्यतालिका पेश गर्ने निर्माण व्यवसायीलाई सम्झौताबमोजिम रकम कट्टी नगरेकोले कार्यालय स्वंयमले यकिन गरी असुलउपर गर्नुपर्दछ।

## ७२ बोलपत्र सम्बन्धी कागजात (स्टेण्डर्ड विड डकुमेन्ट)ः

सार्वजनिक खरिद नियमावलीको नियम ३७ मा बोलपत्र सम्बन्धी कागजातमा ऐनको दफा १३ मा उल्लेखित कुरा बाहेक सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको अन्य कुराहरु हुने तथा नियम २४ मा कुनै खरिद सम्झौता सम्बन्धमा आवश्यक शर्तहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना बोलपत्र सम्बन्धी बमोजिम हुने उल्लेख छ । कार्यालय सार्वजनिक निकायले खरिद प्रक्रिया बोलपत्र वा सिलबन्दी दरभाउपत्र मार्फत गर्दा उक्त फारम प्रयोग गरेकोमा जि.सि.सि. बमोजिम एस्.सि.सि. मा अनिवार्य रुपमा तोक्नुपर्ने कार्यतालिका, एजबिल्ट ड्रइङ्ग र बीमासम्बन्ध शर्त राखेको देखिएन। यसकारण निर्माण व्यवसायीहरु जि.सि.सि. मा भएको शर्तहरु पुरा गर्न बाध्य भएको देखिएन। तसर्थ कार्यालय बोलपत्रसम्बन्धी कागजात तयारीमा जिम्मेवार हुनुपर्दछ।

## ७३ मासिक कार्यसम्पादनः

खरिद सम्झौताको जि.सि.सि. को धारा ४८ मा निर्माण व्यवसायीले प्रत्येक महिनाको अन्तमा मासिक अन्तरिम भुक्तानी प्रमाणपत्र (IPC) को लागि तोकिएको प्रमाण कागजात तथा विवरण खुलाई निवेदन दिनुपर्ने तथा आयोजनाले सोको अभिलेख राख्नुपर्ने उल्लेख छ। यसअनुसार कार्य प्रगती तथा म्याद थपको मुल्यांकन गर्नुपर्दछ। तर आयोजनाले निर्माण व्यवसायीबाट सम्पादन भएको कार्यको मासिक रुपमा भएको कार्यको आधारमा कार्य प्रगतीको मुल्यांकन तथा निर्माण व्यवसायी ताकेता गरेको देखिएन। तसर्थ कार्यालयले सम्झौताको शर्तको पुर्ण पालनामा ध्यान दिनुपर्दछ।

७४ **बीमाः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ। बि=ओ=क्यु= मा बीमाको आइटम उल्लेख गरे पनि निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन। वीमा नगराई रनिङ बील भुक्तानी दिने कर्मचारीलाई जिम्मेवार बनाई नियममा भएको व्यवस्था बमोजिम संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।

७५ **निर्माणसम्बन्धी नयाँ सरकारी लेखा फारामः**

सरकारी लेखा निर्देशिका, २०७३ बमोजिम सार्वजनिक निर्माणको लेखा राख्ने जिम्मेवारी आर्थिक प्रशाासन शाखा प्रमुख हुने र सार्वजनिक निर्माणको लेखाको प्रत्येक कार्य र ठेक्का सम्झौता अनुसार छुट्टाछुट्टै लागत अनुमान, कार्य अभिलेख खाता, आइटमवाईज कार्य अभिलेख खाता, ठेक्केदारको व्यक्तिगत खाता, नापी किताब नियन्त्रण अभिलेख, डोर हाजिरी नियन्त्रण किताब, लगायतका अनुसुची तथा स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ। कार्यालयले यस वर्ष समेत निर्माण सम्बन्धी नयाँ म.ले.प.फा.नं. ५०० देखि ५१४ सम्म फारामहरु प्रयोग गरेको पाइएन। यसबाट तोकिएका विवरणहरु तोकिएको ढाचाँमा प्राप्त नहुने तथा तोकिएको अभिलेख नराख्दा दोहोरो रुपमा सार्वजनिक निर्माण कार्य नभएको तथा आर्थिक अनुशासन र पारदर्शिता कायम भएको यकिन गर्न सकिने देखिएन।

७६ **औषधिको गुणस्तरः-**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.३३९३७३५.५ बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधि तथा औषधिजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधि तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले रु.४९८५८४.२५ मा ५५५ थान न्यानो झोला खरिद गरेको पाईयो । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७८ **औषधि खरीदः**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System (HMIS) बाट सङ्कलन भएको रुग्णता (Morbidity), सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३,५(क) र ९ बमोजिमको प्रक्रिया पुयाई औषधि खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधि उत्पादक कम्पनीसंग डव्लु.एच्.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३,५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

७९ **शिक्षक दरवन्दी र पदपूर्तिः-**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ४८ | १९८ | १८० | ३२ | ७६९५ | १:४३ |

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नु पर्दछ ।

८० **सेनिटरी प्याड-**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ५ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०६१ जना रहेका छन। पालिकाले सन्जु श्री मेडिसिन सप्लायर्सबाट १९३५५ थान सेनिटरी प्याड रु.१७४१८१८.३९(भ्याट सहित) खरिद गरेको देखिन्छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा १९३५५ थान सेनिटरी प्याड खरिद भई १९०३७ थान वितरण गरी ३१८ थान सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८१ **सेनिटरी प्याड गुणस्तरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०७९/८० मा सन्जु श्री मेडिसिन सप्लायर्सबाट १९३५५ थान सेनिटरी प्याड रु.१७४१८१८.३९(भ्याट सहित) मा खरिद गरेकोमा प्याडको गुणस्तरबारे सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाईएन ।

८२ **विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमः**

विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.६ मा छात्रवृत्तिको उपलब्धता,प्रयोग,शैक्षिक निरन्तरता तथा शैक्षिक प्रगति सम्बन्धमा स्थानीय तहले आफै वा आफ्नो जनशक्ति परिचालन गरी अनुगमन गर्न गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले आ.व. २०७९/८० मा कक्षा ९ देखि १२ मा अध्ययनरत ६ विद्यालयका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट छनौट भई आएका ४४ जना विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति वापत रु.३,६०,०००.० भुक्तानी गरेको पाईयो ।पालिकाले उक्त विपन्न लक्षित छात्रवृत्ति अनुदानको

प्रभावकारिता,उपलब्धता,प्रयोग तथा शैक्षिक प्रगति सम्बन्धि अनुगमन गरी आर्थिक रुपले विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरुको विद्यालयमा पहुँच बढाउन विशेष ध्यान दिनुपर्दछ ।

विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड,२०७८ को बुँदा ७.५ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई गरिबी पहिचान फारम भर्न सूचना प्रवाह गर्ने तथा फारम वितरणका लागि विद्यालयलाई निर्देशन दिने सम्बन्धी व्यवस्था रहेको छ ।पालिकामा कुल ४८ विद्यालयका कक्षा ९ देखि १२ सम्म १४८५ विद्यार्थी अध्ययनरत भएता पनि ६ विद्यालयका ४४ विद्यार्थीले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेको पाईयो ।पालिकाले समयमै सूचना प्रवाह गरी सम्पूर्ण विद्यालयका अधिकतम भन्दा अधिकतम विपन्न तथा गरिब विद्यार्थीहरुको पहुँचमा पुऱ्याउन सबै सामुदायिक विद्यालयहरुलाई नियमानुसार निर्देशन गर्न ध्यान पुर्याउनुपर्दछ ।

८३ **नमूना विद्यालयः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा निर्देशिकाको अनुसूचि १० को खण्ड क,ख र ग मा उल्लेखित विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार नमूना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संसोधनसहित) मा तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्नु पर्ने व्यवस्था छ । अनुदान अन्तर्गत विनियोजित बजेटको कार्य प्रगतिसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने साथै यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी पालिकाले आ.व. २०७९/८० मा कपिलाकोट मा.वि. छाप-महेश्वतालाई रु.३० लाख अनुदान उपलब्ध गराएकोमा अतिरिक्त कक्षा संचालन गरी रु. ३० लाख खर्च गरेको कार्यप्रगति प्रतिवेदन,लेखापरीक्षण प्रतिवेदन,सामाजिक परीक्षण प्रतिवेदन वाट देखिएकोले नमुना विद्यालयको कार्ययोजना अनुरुपकाअन्य क्रियाकलापहरु गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

८४ **निजी विद्यालय व्यवस्थापनः**

यस पालिकामा ४ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन ।सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

८५ **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**

पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको छैन । शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नु पर्दछ ।

८६ **समानीकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः**

अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दी भित्र नपरेका गाउँपालिका अनुदान कोटातर्फ २३ विद्यालयका ३२ जना शिक्षकलाई रु.६८८६५८३.० र ६ वटा विद्यालयका ६ जना निजी श्रोतका शिक्षकलाई रु.६९००००.० गरी कूल ३८ शिक्षकलाई तलब भत्ता बापत रु.७५७६५८३.० भुक्तानी गरेको पाईयो।पालिकाले समानीकरण अनुदानबाट नीजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता नियमित देखिएन । पालिकाको आन्तरिक आय रु.१८४७५३०३.० मात्र रहेको,व्यवस्थापन सर्भेक्षण नभएको,सशर्त अनुदानबाट तलब भत्ता आउने शिक्षकको तलब खर्च समानिकरणबाट खर्च लेख्नु उचित र नियमसम्मत होईन ।

८७ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMS):**

• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने,सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाईएन,

• संस्थागत विद्यालयहरुको दर्ता,नवीकरण शुल्क निर्धारण,अनिवार्य निःशुल्क छात्रवृत्ति,वर्गिकरण,अनुगमन र अभिलेख व्यवस्थित भएको पाईएन ।

८८ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।अनुगमन मापदण्ड नहुँदा विद्यालय अनुगमन कार्य

प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ८९ अनुगमन प्रतिवेदनः

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९/८० क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनौट भएका विद्यालयहरुलाई माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई-पुस्तकालय समेत)का लागि अनुदान बापत प्रति विद्यालयलाई रु ६५००००.० प्रदान गर्ने व्यवस्था छ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात विद्यालयले विज्ञान प्रयोगशाला र पुस्तकालय व्यवस्थापन सम्बन्धमा अनुगमन तथा अनुदानको प्रभावकारिताबारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नु पर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम(रु.) |
|---|---|---|---|
| १ | श्री माध्यमिक विद्यालय,सिन्दुरे रातमाटा | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| २ | श्री सुकेटार आ.वि. चनौटे | पुस्तकालय अनुदान | ६५००००.० |
| **जम्मा** | | | **१३,००,०००.०** |

## ९० बाखा/बोका खरिदः

पालिकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत नयाँ बाखा पकेट विकास कार्यक्रम,वडा नं ६ मा साहस लघु उद्यम कृषि सहकारी संस्था लि. लाई ६३ वटा बीउ पाठा/पाठी खरिद,घाँसको बीउ,औषधि खरिद बापत रु.७५००००.० र ठाकुरेश्वर सामाजिक उद्यमी साना किसान महिला कृषि सहकारी संस्था लि. वडा नं १ लाई ५६ वटा बाखा/बीउ बोका खरिद,घाँसको बिउ,औषधि खरिद बापत रु. ६७००००.० गरी कुल रु.१४२००००.० भुक्तानी गरेको पाईयो ।बाखा/बिउ बोकाको जिल्ला दररेट नलिई खरिदको लागत अनुमान तयार गरेको, खरिद गरिएका बाखा/बिउ बोका कुन प्रजातिको उल्लेख नगरेको, वितरण गरेका बाखा/बीउ बोकाको वीमा र स्वास्थ्य जाँच नगरेकोले वितरण भएका अनुदानको प्रभावकारिता र उपलब्धि बारे यकिन हुन सकिएन ।

## ९१ कृषि अनुदान

पालिकाले आ.व २०७९/८० मा नयाँ मकैबाली पकेट कार्यक्रम संचालन अन्तर्गत छनौट भएका ठाकुरेश्वर सामाजिक उद्यमी साना किसान महिला कृषि सहकारी संस्था लि र साहास लघुउद्यम कृषि सहकारी संस्था लि लाई अनुदान(५०

प्रतिशत) वापत रु. ६ लाखको दरले कुल रु १२०००००.० खर्च लेखेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,लाभग्राहीको प्राथमिकीकरण तथा अनुदान वितरण,छनौटको मापदण्ड निर्धारण स्पष्ट अभिलेखाङ्कन गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।पालिकाले अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मूल्याङ्कन गर्न ध्यान दिनुपर्दछ ।

९२ **नवप्रवर्तन साझेदारी कार्यक्रम :**

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वागमती प्रदेश तथा मरिण गाउँपालिका विच २०७९ बैसाख २१ गते भएको सम्झौता अनुसार भैसी गोठ सुधार ३०, वंगुर गोठ सुधार ९६, दुध संकलन केन्द्र ४, उन्नत जातको भैसि खरिद ६०, उन्नत जातको बंगुर खरिद ९०० तथा ढुवानी लागयत कार्य गर्ने गरी प्रदेश सरकारवाट १४६६९२००। र गाउँपालिकावाट रु ६२८६८००। गरी रु २०९५३८००। को परियोजना सम्झौता भएकोमा कार्यक्रममा संशोधन गरी मुर्रा वा मुर्रा क्रस प्रजातिको पाडी खरिद भएकोमा संशोधित सम्झौता लेखापरीक्षणमा पेश भएन । यस कार्यक्रममा प्रदेश सरकारको रु १४५६३९९९। र गाउँपालिका श्रोतवाट रु ५६३६२८७। समेत रु २०२००२८६। खर्च भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

९२.१ **दर निर्धारण** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले माससामानको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही सम्बन्धित मालसामानको सपेशिफिकेशनको अधिनमा रही अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक खर्च स्थानीय वजारमा प्रचलित दरभाउ अन्य वजारको दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित खर्च लगायतका विषयलाई आधार लिनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त प्रावधान वेगर ५ वटा फर्मसंग दररेट मागी औषत दर ७७९००। को आधारमा प्रति पाडी ७५०००। को दर राखी १२० पाडी खरिद गर्न रु ९००००००। को लागत अनुमान राखी मिति २०७९।५।१५ मा सूचना गरेकोमा साना किसान सहकारी संस्थाले कवोल गरेको रु ६६०००००। मा सम्झौता गरि खरिद गरेको छ । वोलपत्र मूल्याँङ्कन सम्बन्धी सम्पूर्ण कागजातहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्बन्धमा विस्तृत विश्लेषण गर्न सकिएन । लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक खर्च स्थानीय वजारमा प्रचलित दरभाउ अन्य वजारको दरभाउ लगायतका विषयमा कार्यालयले ध्यान नदिएको देखिंदा लागत अनुमान यथार्थपरक छ भनी आश्वस्त हुन सकिएन । यसमा सुधार हुनुपर्दछ ।

९२.२ **अग्रिम कर** –

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ३९,५९७ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९२.३ **थप पाडी खरिद** – पालिकाले भैसिंपालन क्रियाकलापमा विनियोजित रकमवाट रु २४ लाख र उन्नत जातका बंगुरको पाठा खरिदवाट वचत भएको रु १६ लाख ५० हजार समेत रु ४० लाख ५० हजार वचत रकमवाट थप उन्नत जातको भैंसी खरिद गर्न स्वीकृतको लागि पत्राचार गरेकोमा मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालयवाट २०७९।१२।१४ मा थप भैंसी खरिद गर्न स्वीकृती दिएको पाईयो । पालिकाले थप भैंसी खरिद गर्न स्वीकृति दिएकोमा भैंसी खरिद नगरी मुर्रा क्रस पाडी खरिद गर्न लागत अनुमान तयार गर्दा अघिल्लो पटक पाडी खरिद गर्दा स्वीकृत ठेक्का दर प्रति पाडी रु ५५०००। का दरले लागत अनुमान तयार नगरी पहिलो ठेक्कामा राखिएको लागत दर प्रति पाडी रु ७५०००। का दरले ५४ पाडीको रु ४० लाख ५० हजारको लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा एकमात्र कवोलकर्ता साना किसान सहकारी संस्थाले प्रति पाडी रु ७४३००।का दरले रु ४०१२२००। कवोल गरी मिति २०८०।२।११ मा सम्झौता गरी भौ नं ३४६-२०८०।३।२४ वाट रु ४०१२०००। भुक्तानी दिएको पाईयो । एकै प्रकृतिको मुर्रा क्रस पाडी खरिद गर्दा पहिले ठेक्का सम्झौता भएको दर रु ५५०००। ले लागत अनुमान तयार नगरी ७५०००। का दरले लागत अनुमान तयार गरेको तथा एकै सहकारी संस्थाले पहिले रु ५५०००। प्रति पाडिका दरले सप्लाई गरेकोमा पछिल्लो पटक ७४३००। को दर राखी सप्लाई गरेकोले रु १०४२२००। बढी व्ययभार परेको छ । लागत अनुमान तयार गर्दा र स्वीकृत गर्दा न्यूनतम विषयलाई ध्यान नदिई लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने तथा सम्झौता गरी सामान खरिद गरेको उचित देखिएन । सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार वनाउनु पर्दछ ।

९२.४ **लाभग्राही छनौट तथा अनुदान वितरण प्रकृया** - मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वाग्मती प्रदेश तथा मरिण गाउँपालिका विच २०७९ बैसाख २१ गते भएको सम्झौतामा नियमित अनुमगन गरी मूल्याँकन प्रतिवेदन पेश गर्नुपर्ने, वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने, खर्चको सार्वजनिक परीक्षण तथा सामाजिक सुनुवाई गर्नुपर्ने, व्यक्तिगत अनुदान दिन नपाईने, आर्थिक रुपले विपन्न महिला, सिमान्तकृत वर्ग, दलित वर्गहरुलाई समूह वनाई गाउँपालिकामा दर्ता गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले लाभग्राही हरु छनौट गर्न उल्लेखित शर्तहरु नराखी वडा कार्यालयलाई पत्र लेखेको र वडाकार्यालयले बिभिन्न व्यक्तिहरुको सूची वनाई पठाएकोमा ति व्यक्ति छनौट गर्नुपर्नाको आधार नखुलाएको, पालिकाले पत्र पठाउंदा सिमित वडालाईमात्र पठाएको, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसंग भएको सम्झौतामा भैसी गोठ सुधार कार्यक्रमरहेकोमा वडामा पठाएको पत्रमा गोठ स्वयँले वनाउनु पर्ने रहेको देखियो । त्यस्तै वडाले सिफारीश गरेको र गाउँपालिकामा समुह दर्तामा समावेश भएका केही नाम फरक परेको तथा समूहमा रहेको नाम भन्दा केही फरक व्यक्तिले पाडी तथा बंगुर बुझिलिएको पाईयो । कार्यक्रममा पाडी तथा बंगुरको बीमा गर्नुपर्ने रहेकोमा ९०० वटा वंगुरको पाठा खरिद भएकोमा ४६३ वटाको मात्र बीमा गरेको पाईयो ।वंगुर वितरण गर्दा न्यूनतम २ वटा र बढीमा एउटै व्यक्तिले २०० वटा सम्म दिएको करण नखुलाएको, अनुदान प्राप्त गर्ने व्यक्तिले यस प्रकारको अनुदान पहिले प्राप्त गरे नगरेको यकिन नगरेको, लिने व्यक्तिलाई प्राप्त अनुदानको उचित संरक्षण गर्न कवुलियत नगराएको अवस्था देखिएकोले कार्यक्रमको प्रभावकारी संचालनमा पालिकाले उचित ध्यान पुर्याउन सकेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

९२.५ **अनुपातिक खर्च :**

*……….. (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु. ४२३,७९८ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९३ **कर कट्टा नगरेको :**

आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीबाट भएको आय गणना तथा सालबसाली आर्थिक ऐन बमोजिम कर निर्धारण दर र प्रकृया उल्लेख छ । कृषि प्राविधिक सुरक्षा सापकोटाले कार्यक्रम सम्पन्न गरी सोधभर्ना भुक्तानी लिदा पारिश्रमिक कर दाखिला नगरेको रु २२२०। र बिल बेगर भुक्तानी लिएको रु १९५०। समेत रु ४१७०। असुल फस्यौंट गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१७० |

९४ **साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रम :**

९४.१ **मरिण गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल** नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८० असार १५ सम्म कार्यान्वयन अवधि रहेको **"साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम"** संचालन गर्न कुल बजेट रु. ३,७३,७३,३३३। को ७५ प्रतिशत रकम रु. २,८०,००,०००। गाउँपालिकाले बेहोर्ने गरी मिति २०७८ कार्तिक १५ गते सम्झौता गरेको पाइयो ।

- आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,
- व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,
- सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,
- बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको ।

सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो परियोजनाका नाममा २०७९/८० मा रु. २१९६८२८४। खर्च लेखेको छ ।

परियोजनाको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र परियोजनामा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

९४.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि गाउँपालिकाले अनुमानित लागतको ७५ प्रतिशत खर्च रु. २,८०,००,०००। बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

९४.३ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु. ३ करोड ७३ लाख ६१ हजारको ५०.५२ प्रतिशतले रु. १ करोड ८८ लाख ६१ हजार तथा ती मुख्य कृयाकलाप परिचालनको लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ४९.४८ प्रतिशतले रु. १ करोड ८४ लाख ७२ हजारको सम्झौता गरेको पाईयो ।

| **क्र. सं.** | **बजेट शीर्षक र कार्यक्रम** | **अनुमानित बजेट रु. ('०००)** | **बजेट प्रतिशत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | <u>उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत</u> | | |
| १ | पशु खरिद तथा ढुवानी | ९६,५३ | २५.८६ |
| २ | बागवानी तथा ढुवानी | १४,४० | ३.८६ |
| ३. | कृषि सामाग्री तथा यन्त्र | ७७,६८ | २०.८१ |
| | **जम्मा (क)** | **१,८८,६१** | **५०.५२** |
| | <u>कार्यक्रम संचालन खर्च</u> | | |
| ४. | भ्रमण | १३,३० | ३.५६ |
| ५. | तालिम | ६४,१४ | १७.१८ |
| ६. | प्राविधिक सेवा तथा मूल्यांकन | ४६,३० | १२.४० |
| ७. | तलब तथा सुविधा | ५२,१८ | १३.९८ |
| ८. | कार्यक्रम खर्च | ८,८० | २.३६ |
| | **जम्मा (ख)** | **१,८४,७२** | ४९.४८ |
| ९. | **कुल अनुमानित लागत (क+ख)** | **३,७३,३३** | **१००.००** |

गाउँपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा गाउँपालिका आफैले सो परियोजना संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहीपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ५०.५२ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ४९.४८ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि २५ प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । गाउँपालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि गाउँपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मूल्यांकन समेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन ।यो वर्ष गाउँपालिकाले उद्यमशीलता परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु. २१९६८२८४। भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी यस्ता परियोजनामा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता परियोजना संचालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

९४.४ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । गाउँपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वयन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था मानव तथा राष्ट्रिय विकास समाज (HANDS) मार्फत गराएको छ । पहिलो पक्षको गाउँपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वयन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वयन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

९४.५ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि गाउँपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको रु. २१९६८२८४। मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको भनि यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्टयाई पेश गर्नुपर्दछ ।

९४.६ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यन गर्नुपर्ने व्यवस्था छ। यस परियोजना वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी परियोजना स्वीकृत गरेको छ । परियोजनामा लाग्ने कार्यक्रमगत खर्चको भार गाउँपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानूनबमोजिम रहेको पाइएन। आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानूनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत खर्च गर्न गराउन

आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सम्झौतामा नरहेको खोर निर्माण जस्ता प्राविधिक कार्य गर्न हेफर प्रोजेक्ट नेपाल र मानव तथा राष्ट्रिय विकास समाज (HANDS) सँग सम्बन्धित जनशक्ति नरहेको अवस्थामा पनि सो कार्य गराएको पाइयो । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानूनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वयन तथा व्यवस्थापन पक्षलाई कानूनसम्मत्, मितव्ययी, तथा जवाफदेहीपूर्ण बनाउनुपर्दछ ।

९४.७ **अग्रिम कर :** आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" लागि यो वर्ष हेफर प्रोजेक्ट नेपाललाई भौ नं ४१,२४१ र ३०८ मिति २०८०।३।२० बाट रु. २१९६८२८४।०० भुक्तानी खर्च लेखेकोमा हेफर प्रोजेक्ट नेपालले मूल्य अभबृद्दि कर विजक जारी नगरेको अवस्थामा ऐन बमोजिम १५ प्रतिशतका दरले हुने कर रु ३२९५२४७। कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टी नगरेकोले असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,९५,२४७ |

९४.८ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन गाउँपालिका आफैले गर्नुपर्नेमा मानव तथा राष्ट्रिय विकास समाज नेपाल संस्था हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । गाउँपालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य पालिका आफैले गर्न सक्ने नसक्ने विश्लेषण गरेको पाइएन ।सो परियोजना संचालन गर्न क्षमताको कमी भएको भए कानूनबमोजिम बाह्य पक्षबाट गराउँदा पालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा पालिकाको आधिकारिक संलग्नता नरहनाले परियोजनाका लाभग्राहीलाई बाख्रालगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक पालिका नभई गैरसरकारी संस्था हेफर रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा पालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा पालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानूनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

९४.९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत साझेदारीमा कृषि तथा पशु पालन उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५०

प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की उपलब्ध गराएको र मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने व्यहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानूनबमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानूनबमोजिम पेश्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा पालिकाले दिएको पेश्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ।

९४.१० परियोजना संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । सोको अभावमा नै परियोजना तय गरेको अवस्था छ । परियोजनाको उद्धेश्य प्राप्ती भएनभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उद्यमशीलता परियोजनाका कृषि, बागवानी र पशु खरिद गरी तीन क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघेननाघेको, विधिको पालना भए नभएको र अपेक्षित प्रगति हासिल गरेनगरेको यकिन गर्न सकिएन । संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि कृषि र पशु सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस परियोजनाको कार्य दोहोरो पर्नेनपर्ने बारे अध्ययन विश्लेषण गरेको पाइएन । परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात गाउँपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको पुष्टयाई पेश गरेको पाइएन ।सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्त्वको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन। परियोजनाको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरेनगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

९४.११ **एकीकृत प्रतिवेदन तथा कार्यक्रम हस्तान्तरण** - साझेदारीमा कृषि तथा पशु पालन उद्यमशिलता विकास कार्यक्रमको सम्झौता अवधि २०७८ कार्तिक १५ देखि २०८० असाढ १५ सम्म रहेको यस कार्यक्रम समाप्त भई सम्झौता बमोजिमको रकम भुक्तानी भईसकेकोमा हेफर नेपाल समग्र क्रियाकलाप र क्रियाकलापमा गरेको खर्चको एकीकृत प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेमा नगरेको तथा सम्झौता बमोजिम परियोजना समाप्ति पश्चात परियोजनामा आवद्ध समूह तथा सहकारीलाई सम्बन्धित सरकारी तथा विषयगत निकायहरुमा सूचिकृत गरिने र परियोजनाको गतिविधिहरु प्रथम पक्षलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको छैन ।

## ९५ बीउ वितरण कार्यक्रमः

पालिकाले मिति २०७९/१२/२० को कृषि समितिको निर्णय अनुसार देहाय बमोजिमका कृषक समूह छनौट गरी धानको बिउ र मेशिनरी सामाग्री वितरणमा अनुदान प्रदान गरेको पाईयो ।धानको बिउमा ५० प्रतिशत र कृषि सामाग्रिमा ८५ प्रतिशत अनुदान वितरणमा प्राप्त विवरण अनुसार ९१६ घरधुरी लाभान्वित भएको देखिन्छ ।

| **कार्यक्रमको नाम** | **कृषक समूहको नाम** | **वितरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| धानबाली प्रबर्द्धन कार्यक्रम | श्री ठाकुरेश्वर सामाजिक उद्यमी साना किसान महिला कृषि सहकारी लि | धानको बिउ तथा कृषि सामाग्री | ५२५०००.० |
| धानबाली प्रबर्द्धन कार्यक्रम | श्री साहास लघुउद्यम कृषि सहकारी संस्था लि | धानको बिउ तथा कृषि सामाग्री | ५२५०००.० |
| धानबाली पकेट कार्यक्रम | श्री दिपज्योती कृषक समूह | धानको बिउ | ५१२१४०.० |
| उन्नत बिउ वितरण प्रोत्साहन अनुदान | श्री जयमंगलटार कृषक समूह | धानको बिउ तथा कृषि सामाग्रि | ५२५०००.० |
| **जम्मा** | | | **२०८७१४०.०** |

पालिकाले कृषि समूह तथा सहकारीहरुलाई अनुदान वितरण गर्दा प्राथमिकीकरण गरी कार्यप्रगति प्रतिवेदन,लेखापरीक्षण प्रतिवेदन र सार्वजनिक परीक्षण गराई अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

## अनुगमन लेखापरीक्षण

९६

संपरीक्षणबाट थप भएको बेरूजू

| **क्र. सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | अर्थ मन्त्रालयको कार्यसंचलान निर्देशिका, २०७७ (आठौं संस्करण) को बुँदा नं ७.१.१(३) मा तथा बागमति प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८(३) मा समेत एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ भने सोही निर्देशिकामा कानून अनुसार गठन भएका समितिहरुको वैठकको लागि मात्र वैठक भत्ता उपलब्ध गराउने उल्लेख छ। पालिकाले विभिन्न समितिको वैठक बसेको भनी कार्यालयको नियमित कार्य अन्तगर्तको कार्य तथा पालिकाका कर्मचारी र पदाधिकारी | १२३६७५ |

| क्र. सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | मात्र संलग्न रही निम्नानुसारका पदाधिकारी र कर्मचारीहरु वैठक बसी सो वापत भुक्तानी लिएको देखिएकोले कानुनले लिन नमिल्ने भनी तोकेको भत्ता वापत भुक्तानी लिएको रकम सम्बन्धित कर्मचारीहरुबाट असूल हुनुपर्ने रु | |

| | | गोस्वारा भौचर नं. | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पदाधिकारी तथा कर्मचारीको नाम, थर | 751/ 080/ 3/22 | 751/ 080/ 3/22 | 401/ 080/ 3/1 | जम्मा |
| 1 | हिरा वहादुर गुर्मछान | | ३८२५ | १२७५ | ५१०० |
| 2 | कमल वहादुर आले | १२७५ | २५५० | १२७५ | ५१०० |
| 3 | जीत वहादुर श्रेष्ठ | | २५५० | १०२०० | १२७५० |
| 4 | जीत वहादुर काल्तान | | २५५० | १२७५ | ३८२५ |
| 5 | दिपक माझी | | १२७५ | १२७५ | २५५० |
| 6 | हर्कवीर माझी | | २५५० | १२७५ | ३८२५ |
| 7 | चन्द्र वहादुर थिङ | | | १२७५ | १२७५ |
| 8 | निर कुमारी मुक्तान | | ३८२५ | | ३८२५ |
| 9 | सपना शर्मा | | | २५५० | २५५० |
| 10 | सर्मिला माझी | | | १०२०० | १०२०० |
| 11 | होम वहादुर कार्की | | | १०२०० | १०२०० |
| 12 | नविन श्रेष्ठ | | | १०२०० | १०२०० |
| 13 | जानीमायाँ घिसिङ | | | १०२०० | १०२०० |
| 14 | अर्पण श्रेष्ठ | | | ३८२५ | ३८२५ |
| 15 | सुरक्षा सापकोटा | | | १०२०० | १०२०० |
| 16 | हेम वहादुर वराईली | | | ७६५० | ७६५० |

| क्र. सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 17 | विष्णु सापकोटा | | | ५१०० | ५१०० |
| 18 | लक्ष्मी तामाङ | १२७५ | ३८२५ | | ५१०० |
| 19 | सविता थापा | | | १०२०० | १०२०० |
| जम्मा रकम | | २५५० | २२९५० | ९८१७५ | १२३६७५ |

२० **बिशेष मूल्याङ्कन -**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ (१) मा अन्य कुराको अतिरिक्त वोलपत्रदाताले विल अफ क्वान्टिटिमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय नभएमा निर्माण कार्यको वोलपत्रको विशेष मूल्यॉंकन गर्नुपर्ने तथा उपदफा (३) मा मूल्याङ्कन समितिले उपनियम (२) बमोजिम मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्न र त्यस्तो स्पष्टीकरण सन्तोषनजक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। त्यसरी प्रति एकाइ दर अविश्वासनीय अवस्थामा मूल्यॉंकन समितिले दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्ने तथा थप ८ प्रतिशत कार्यसम्पादन जमानत लिनुपर्नेमा निम्न आईटम लगायतमा निर्माण व्यवसायीले लागत अनुमानमा रहेको दरको तुलनामा शुरुको काममा ज्यादै बढी कबोल अंक तथा अन्तमा गर्नुपर्ने कार्यमा ज्यादै न्यून अंक कवोल गरेकामा मूल्यॉंकन समितिले पत्र लेखि स्पष्टीकरण माग गरेको तथा कार्यसम्पादन जमानत माग गरेको देखिएन। यसरी नियममा भएको व्यवस्था बमोजिम निर्माण व्यवसायीवाट दर विश्लेषण समेत लिई अस्वभाविक दररेट ( फन्ट लोडिङ) सम्बन्धमा थप कार्यसम्पादन नलिई निर्माण कार्य गर्दा निर्माण कार्य अलपत्र पर्ने देखिएकोमा नियममा भएको व्यवस्था बमोजिम मुल्याङ्कन समितिलाई जिम्मेवार बनाई सम्झौता रकम रु १६,७१,५८,२५७। को ८ प्रतिशतले हुने रकम रु १,३३,७२,६६०। थप कार्यसम्पादन लिनुपर्दछ । 0.00

फन्ट लोडिङ सम्बन्धि विवरण आइटमवाई निम्नानुसार देखिन्छ ।

| Item n | Item Name & Description | Unit | Qty | Estimation | | Bid Amount | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Official Rate | Amount | Qty | | | |
| | | | | | | | Rate | Change in % | Amount |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **B** | **Construction work** | | | | | | | | - |
| 1 | Earthwork in excavation in medium type soils by manual means | cum | १,३४०.०९ | ६६३.३२ | ८८८,९०८.४८ | १,३४०.०९ | १५०.०० | -३४२.२१% | २०१,०१३.५० |
| 17 | Providing and applying of lead protection glass | sqm | ०.१२ | २६०,४१६.६७ | ३१,२५०.०० | ०.१२ | ५०,०००.०० | -४२०.८३% | ६,०००.०० |
| | Epoxy flooring | sqm | ३४५.०४ | ४,२४१.२० | १,४६३,३८३.६८ | ३४५.०४ | ८००.०० | -४३०.१५% | २७६,०३२.०० |
| | Chipping and laying thermacol | rm | १५.०० | १४,३२९.०० | २१४,९३५.०० | १५.०० | १,०००.०० | -१३३२.९०% | १५,०००.०० |
| | Chipping and laying thermacol | rm | १५.०० | १७,१९८.२५ | २५७,९७३.७५ | १५.०० | २,०००.०० | -७५९.९१% | ३०,०००.०० |
| | Chipping and laying thermacol | rm | २३.४० | १०,८४४.५० | २५३,७६१.३० | २३.४० | १,०००.०० | -९८४.४५% | २३,४००.०० |
| | providing 3 numbers of gajur at top of gate. | job | २.०० | ७५,०००.०० | १५०,०००.०० | २.०० | २५,०००.०० | -२००.००% | ५०,०००.०० |
| | Stainless Steel Saop | nos | ४१.०० | ७,१०५.८५ | २९१,३३९.८५ | ४१.०० | १,०००.०० | -६१०.५९% | ४१,०००.०० |

| क्र.सं. | बेरुजुको विवरण | | | | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Supply and installation of Solar System | Nos. | १.०० | २५०,०००.०० | २५०,०००.०० | १.०० | ६०,०००.०० | -३१६.६७% | ६०,०००.०० | |
| | | **Electrical machinery apparatus equipment and consumables** | | | | - | | | | - | |
| | | Supply and installation of telephone/LAN point wiring | point | २९ | ३४२९.७३ | ९९,४६२.१७ | २९.०० | ८००.०० | -३२८.७२% | २३,२००.०० | |
| | | Transformer Works | Set | १ | ६४०००० | ६४०,०००.०० | १.०० | १३०,०००.०० | -३९२.३१% | १३०,०००.०० | |
| | | Supply and installation ,testing and commissioning of double pole HT structure | Set | १ | २६५००० | २६५,०००.०० | १.०० | ५०,०००.०० | -४३०.००% | ५०,०००.०० | |
| | | Supply, installation, testing and commissioning of internal 3.5 x 240 sq.mm | rm | १०० | १४३०७.१५ | १,४३०,७१५.०० | १००.०० | २,५००.०० | -४७२.२९% | २५०,०००.०० | |
| | | Supply, installation, testing and commissioning of internal 4 x240 sq.mm | rm | १०० | १४७३३.५७ | १,४७३,३५७.०० | १००.०० | २,५००.०० | -४८९.३४% | २५०,०००.०० | |
| | | Supply, installation, testing and commissioning of | rm | १०० | ३७७.२९ | ३७,७२९.०० | १००.०० | ७०.०० | -४३८.९९% | ७,०००.०० | |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | internal 1 x 6 sq.mm | | | | | | | | |
| | Supply, installation and commissiong of Main Distribution board | set | १ | २००००० | २००,०००.०० | १.०० | २५,०००.०० | -७००.०० % | २५,०००.०० |
| | Supply, installation and commissiong of Distribution board, | set | १ | ८०००० | ८०,०००.०० | १.०० | ११,५००.०० | -५९५.६५ % | ११,५००.०० |
| | Supply, installation and commissiong of Distribution board | set | १ | ७५००० | ७५,०००.०० | १.०० | ११,५००.०० | -५५२.१७ % | ११,५००.०० |
| | Supply, installation and commissiong of Distribution board | set | १ | ८०००० | ८०,०००.०० | १.०० | २५,०००.०० | -२२०.०० % | २५,०००.०० |
| | Supply, installation and commissiong of Distribution board | set | १ | २५००० | २५,०००.०० | १.०० | ७,५००.०० | -२३३.३३ % | ७,५००.०० |
| | Supply, installation and commissiong of Distribution board | set | १ | ४०००० | ४०,०००.०० | १.०० | ३,०००.०० | -१२३३.३३% | ३,०००.०० |
| | Supply, interconnection and putting into operation of Camera | Nos | ५६ | २०७० | ११५,९२०.०० | ५६.०० | ५००.०० | -३१४.०० % | २८,०००.०० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Supply of UPS | set | २ | ४६३५०७.५ | ९२७,०१५.०० | २.०० | २,०००.०० | -२३०७५.३८% | ४,०००.०० |
| | Supply .Installation ,Testing and Commissioning | set | १ | ९००००० | ९००,०००.०० | १.०० | २२५,०००.०० | -३००.००% | २२५,०००.०० |
| | Supply .Installation ,Testing and Commissioning | nos | ५ | ६५००० | ३२५,०००.०० | ५.०० | १६,०००.०० | -३०६.२५% | ८०,०००.०० |
| | Supply .Installation ,Testing and Commissioning | nos | ४ | ५०००० | २००,०००.०० | ४.०० | १२,०००.०० | -३१६.६७% | ४८,०००.०० |
| | Sypply,Installation,Testing and commissioning | sets | १ | ७०००० | ७०,०००.०० | १.०० | १६,०००.०० | -३३७.५०% | १६,०००.०० |

२१ सार्वजनिक खर्चमा मितब्ययिता तथा प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ ले खर्चमा किफायती तरिका सुझाएको छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले देहाय अनुसारका गोश्वारा भौचरबाट पदाधिकारी/कर्मचारीहरुलाई विभिन्न कार्यक्रम तथा तालिम अनुगमन गरेको उल्लेख गरी अनुगमन खर्च लेख्ने गरेको देखियो। आफ्नै पालिका भित्रका विभिन्न तालिम तथा कार्यक्रम अनुगमन गरेको भनि अनुगमन खर्च लेख्न मिल्ने देखिंदैन । लेखापरीक्षणको क्रममा निम्नानुसार कर कट्टी गरी खर्च लेखेको असुल गर्नुपर्ने तथा यस्तो खर्च विभिन्न कार्यक्रममा लेखेको सम्बन्धमा कार्यालय स्वयंले यकिन गरी असुल गर्नुपर्ने रु ३१५३५

| | | गोस्वारा भौचर नं. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि नं | पदाधिकारी तथा | ८३/०७९/६/२ | ६७५/०८०/०२/३२ | ३७५/०७९/११/३ | ३५६/०७९/१०/२५ | ३५८/०७९/१०/२५ | २५३/०७९/०९/६ | २२०/०७९/८/२० | ७१२/०८०/३/१८ | ५३९/०७९/१/३ | जम्मा |

| क्र. सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | कर्मचारीको नाम, थर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | हिरा वहादुर गुर्मछान | | १२७५ | | | | | | | | १२७५ |
| २ | दिपक माझी | | | | | | | | १७०० | | १७०० |
| ३ | सपना शर्मा | १३६० | १२७५ | १३६० | ५४४० | १२७५ | १२७५ | १२७५ | | १२७५ | १४५३५ |
| ४ | लाल वहादुर थिङ | | | | ५४४० | | | | | | ५४४० |
| ५ | पदम वहादुर लुङ्गेली | | | | ५४४० | | | | | | ५४४० |
| ६ | लक्ष्मी तामाङ | | | | | | १०२० | | | | १०२० |
| ७ | सान्ता आछामे | | | | | | | | ८५० | १२७५ | २१२५ |
| जम्मा | | १३६० | २५५० | १३६० | १६३२० | १२७५ | २२९५ | १२७५ | २५५० | २५५० | ३१५३५ |

| | | |
|---|---|---|
| २८ | बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ मा स्थानिय तहका पदाधिकारीहरुलाई अनुगमन भत्ता सम्बन्धि व्यवस्था गरेको छैन साथै निजामती सेवा नियमावली,२०५० तथा स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार कर्मचारीलाई अनुगमन भत्ताको व्यवस्था गरेको देखिदैन ।कार्यालयले अनुसूचिमा उल्लेख भए बमोजिम विभिन्न समयमा अनुगमन भत्ता शीर्षकबाट खर्च लेखी भुक्तानी गरेको हुँदा सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ७८४५५ |

| | | |
|---|---|---|
| | | गोस्वारा भौचर नं. |

| क्र. सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीको नाम, थर | ७८/ २०७९/ ०७/३० | ९०/ २०७९/ ०९/०४ | ११०/ २०७९/ १०/१६ | १२४/ २०७९/ १०/२५ | ३७३/ २०८०/ २/२२ | १३२/ २०७९/ १०/२५ | १२५/ २०७९/ १०/२५ | १७२/ २०७९/ १२/१० | ३९९/ २०८०/ ०२/३२ | ४००/ २०८०/ ०२/३२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जीत वहादुर श्रेष्ठ | | | | | | | १०२० | | ११४७५ | ५१०० | १७५९५ |
| २ | हर्कवीर माझी | | | १०२० | १०२० | १७०० | | | | | | ३७४० |
| ३ | चन्द्र वहादुर थिङ | | | | | | १०२० | | | | | १०२० |
| ४ | सपना शर्मा | ६३७५ | | १२७५ | १२७५ | १७०० | १२७५ | १२७५ | १२७५ | | ८९२५ | २३३७५ |
| ५ | सविता थापा | | | | | | | | | १२७५० | १०२०० | २२९५० |
| ६ | सान्ता आछामे | | | | | १७०० | | | | ६३७५ | | ८०७५ |
| ७ | शेखर चन्द्र साह | | | | | १७०० | | | | | | १७०० |
| असुल हुन बाँकी जम्मा रकम | | ६३७५ | ० | २२९५ | २२९५ | ६८०० | २२९५ | २२९५ | १२७५ | ३०६०० | २४२२५ | ७८४५५ |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मरिण गाउँपालिका, सिन्धुली , मारिण गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री ओम वहादुर दर्जी | २०७८-८-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखा अधिकृत श्री सपना शर्मा | २०७६-१२-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,४०७,५९८ | २३,९४८,३४७.८ | २८,८८४,२८९.२१ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५८,२४०,२३५.०१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३२,७१९,८७९.०१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | २३३,६६५ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,७५४,०२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५००७६२७३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६२२८२००० | **चालु खर्च** | ३६३९९१५७० |
| **प्रदेश सरकारबाट अनुदान** | ५५७१४००० | **पूँजीगत खर्च** | १८६३५१७८० |
| **राजश्व बाँडफाँट** | ११२६२२१२० | **वित्तीय/अन्य व्यवस्था** | १६२५४९८६४ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | १९८८७१७३ | | |
| **अन्य आय** | १४१२६५६०७ | | |
| **कुल आय** | ६९१७७०९०० | **कुल खर्च** | ७१२८९३२१४ |
| **बाँकी मौज्दात** | | २८९५३९५९ | |

**बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६५,३९,४८,८२८.५१ | ५२,९९,५६,६६६.४७ | | ५२,९९,५६,६६६.४७ | ४९,६८,३४,५९३.३७ | | ४९,६८,३४,५९३.३७ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ६४,०८,२९,८००.०० | ५१,२४,१७,०४४.१७ | ० | ५१,२४,१७,०४४.१७ | ४८,८१,२२,६५०.७७ | ० | ४८,८१,२२,६५०.७७ |
| ११००० कर | ११ | १४,२८,५८,०००.०० | ११,६३,३५,९६१.२७ | ० | ११,६३,३५,९६१.२७ | ११,७९,९७,६२४.८५ | ० | ११,७९,९७,६२४.८५ |
| १३००० अनुदान | | ३९,९६,१०,०००.०० | ३८,०५,७२,७४८.४१ | ० | ३८,०५,७२,७४८.४१ | ३४,६२,२२,९८०.३१ | ० | ३४,६२,२२,९८०.३१ |
| संघीय सरकार | १२ | ३४,३८,९६,०००.०० | ३३,०९,४७,३५५.४० | ० | ३३,०९,४७,३५५.४० | ३०,६३,०६,२२३.६५ | ० | ३०,६३,०६,२२३.६५ |
| प्रदेश सरकार | १२ | ५,५७,१४,०००.०० | ४,९६,२५,३९३.०१ | ० | ४,९६,२५,३९३.०१ | ३,९९,१६,७५६.६६ | ० | ३,९९,१६,७५६.६६ |
| १४००० अन्य राजस्व | | ४,४९,५३,०९३.२७ | १,५५,०८,३३४.४९ | ० | १,५५,०८,३३४.४९ | २,३९,०२,०४५.६१ | ० | २,३९,०२,०४५.६१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२००० वित्तीय सम्पत्ति | | ५,३४,०८,७०६.७३ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,३१,१९,०२८.५१ | १,७५,३९,६२२.३० | | १,७५,३९,६२२.३० | ८७,११,९४२.६० | | ८७,११,९४२.६० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,३१,१९,०२८.५१ | ९४,७९,९६८.२५ | ० | ९४,७९,९६८.२५ | ३६,९१,९४२.४९ | ० | ३६,९१,९४२.४९ |
| धरौटी | | ० | ८०,५९,६५४.०५ | ० | ८०,५९,६५४.०५ | ५०,२०,०००.११ | ० | ५०,२०,०००.११ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६७,२३,३४,८२८.५१ | ५५,९४,७८,०६६.३५ | | ५५,९४,७८,०६६.३५ | ५२,५७,७०,२४९.७२ | | ५२,५७,७०,२४९.७२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६५,९२,१५,८००.०० | ५५,०३,४३,३४९.६० | | ५५,०३,४३,३४९.६० | ५१,८८,३३,६८६.६८ | | ५१,८८,३३,६८६.६८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,२५,८७,९६०.०० | १६,२८,२५,५१२.४१ | ० | १६,२८,२५,५१२.४१ | १२,४९,२०,३७१.२४ | ० | १२,४९,२०,३७१.२४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५,६६,६८,०००.०० | १३,३७,१५,४४७.५० | ० | १३,३७,१५,४४७.५० | १४,७२,००,७०६.५९ | ० | १४,७२,००,७०६.५९ |
| २५००० सहायता (Subsidy) | १८ | ७,३८,९३,३४०.०० | ५,६०,४१,६८४.२० | ० | ५,६०,४१,६८४.२० | ३,२०,२८,६५१.९२ | ० | ३,२०,२८,६५१.९२ |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | २,७४,०००.०० | ० | २,७४,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २७००० सामाजिक सुरक्षा | १८ | १,३५,४६,०००.०० | १,०५,६७,५२५.३९ | ० | १,०५,६७,५२५.३९ | १,५१,४४,६९७.१३ | ० | १,५१,४४,६९७.१३ |
| २८००० अन्य खर्च | १८ | २१,००,०००.०० | ८,४१,४००.०० | ० | ८,४१,४००.०० | ३१,०३,४५०.०० | ० | ३१,०३,४५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,०४,२०,५००.०० | १८,६३,५१,७८०.१० | ० | १८,६३,५१,७८०.१० | १९,६१,६१,८०९.८० | ० | १९,६१,६१,८०९.८० |
| घ. अन्य भूक्तानी | | १,३१,१९,०२८.५१ | ९१,३४,७१६.७५ | | ९१,३४,७१६.७५ | ५२,५७,७०,२४९.७२ | | ५२,५७,७०,२४९.७२ |
| कोषहरु | | १,३१,१९,०२८.५१ | ७८,२६,८९७.३९ | ० | ७८,२६,८९७.३९ | ३२,३२,०७३.३४ | ० | ३२,३२,०७३.३४ |
| धरौटी | | ० | ५९,०४,३५७.६० | ० | ५९,०४,३५७.६० | ३७,०४,४८९.७० | ० | ३७,०४,४८९.७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (४५,९६,५३८.२४) | | (४५,९६,५३८.२४) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,८३,८६,०००.००) | (२,९५,२१,३९९.८८) | | (२,९५,२१,३९९.८८) | (२,८९,३५,६५६.३५) | | (२,८९,३५,६५६.३५) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,३१,८७,८१६.७५ | | ६,३१,८७,८१६.७५ | ८,८१,५४,७२२.८४ | | ८,८१,५४,७२२.८४ |
| वर्षान्तको बाकी | | (१,८३,८६,०००.००) | ३,३६,६६,४१६.८७ | | ३,३६,६६,४१६.८७ | ५,९२,१९,०६६.४९ | | ५,९२,१९,०६६.४९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रकम (ङ + च) | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३,०१,३३,६९४.२० | | ३,०१,३३,६९४.२० | ६,९४,३६,६४२.४९ | | ६,९४,३६,६४२.४९ |

## बेरूजु दफा ५३.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| | | | | | | २०८० असार सम्मको | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | आयोजनाको नाम | ठेक्का नम्बर | निर्माण व्यवसायी को नाम र ठेगाना | ठेक्का कबोल रकम (ने.रु) | यस वर्षको खर्च (ने.रु) (मु.अ.कर सहित) | कार्य प्रगति अनुसार | | पेश भएको कार्य तालिका बमोजिम गर्नुपर्ने | | बाकि कार्य | कैफियत |
| | | | | | | आर्थिक प्रगति(%) | भौतिक प्रगति(%) | आर्थिक प्रगति(%) (पेस्की सहित) | भौतिक प्रगति(%) | | |
| | निर्माण कार्य | | | सम्झौता | | | | | | | |
| १ | ०३ नं. वडा कार्यालय भवन निर्माण | MRM/Sindhuli/Works/NCB/3/2079-080 | श्री एल.एस. कन्स्ट्रक्सन प्रा.लि, मन्थली-1, रामेछाप | 8,715,488.48 | 3,348,661.64 | 38.42 % | 39.46 % | 41.67 % | 45.00 % | 5,366,826.84 | प्रदेश समपुरक अनुदान |
| २ | वडा नं. ५ वडा कार्यालय भवन निर्माण | MRM/Sindhuli/Works/NCB/4/2079-080 | श्री एल.एस. कन्स्ट्रक्सन प्रा.लि, मन्थली-1, रामेछाप | 8,949,439.73 | 3,331,636.00 | 37.23 % | 38.19 % | 41.67 % | 45.00 % | 5,617,803.73 | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वडा नं. ७ वडा कार्यालय भवन निर्माण | MRM/Sindhuli/Works/NCB/5/2079-080 | समाज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, हरिहरपुरगढी-05, सिन्धुली | 8,519,655.87 | 3,496,324.01 | 41.04 % | 41.54 % | 41.67 % | 45.00 % | 5,023,331.86 | |
| ४ | पन्च कन्या पोखरि पर्यटकीय पुर्वाधार निर्माण | MRM/Sindhuli/Works/NCB/10/2079-080 | सरस्वती निर्माण सेवा, सुनकोशी -४, सिन्धुली | 5,608,612.96 | 2,910,334.07 | 51.89 % | 52.42 % | 55.56 % | 60.00 % | 2,698,278.89 | **नेपाल सरकार समपुरक अनुदान** |
| ५ | खानेपानी योजना वडा नं.4 | MRM/Sindhuli/Works/NCB/14/2079-082 | श्री अम्बर शान्ति बिल्डर्स एण्ड सप्लायर्स, महालक्ष्मी -08, ललितपुर | 8,780,213.13 | 6,452,744.72 | 64.48 % | 65.76 % | 80.00 % | 82.00 % | 3,554,129.74 | **नेपाल सरकार बिशेष अनुदान** |
| ६ | घाटा खञ्जनी फर्से ज्यामिरे चुरे सडक | MRM/Sindhuli/Works/NCB/12/2079-080 | प्रतिभा कन्स्ट्रक्सन, काठमाण्डौ | 7,671,654.34 | 7,419,292.43 | 100.00% | 100.00% | 100.00 % | 100.00% | - | **संघीय समपुरक अनुदान** |
| ७ | फुटवल रंगशाला निर्माण साहान | MRM/Sindhuli/Works/NCB/13/2079-080 | श्री सिद्धकाली -दाहाल जे.भी., क.न.पा.-3, सिन्धुली | 24,788,159.93 | 555,000.00 | 2.24 % | 3.24 % | 16.67 % | 20.00 % | 24,233,159.93 | **प्रदेश समपुरक अनुदान** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा निर्माण कार्यको** | | | **73,033,224.44** | **27,513,992.87** | | | | | **46,493,530.99** | |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -५

| आयोजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | शुरु लागत इष्टिमेट (भ्याट र कन्टेन्जेन्सी बाहेक) | शुरु ठेक्का रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) | घटि (भ्याट र कन्टेन्जेन्सी बाहेक) | बढि (भ्याट र कन्टेन्जेन्सी बाहेक) | खुद रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक) |
|---|---|---|---|---|---|---|---|
| वडा नं. ०२ को कार्यालय भवन निर्माण | MRM/Sindhuli/Works/NCB/02/2078-079 | श्री पाख्रिन-बम्जन जे.भि, मरिण न.पा—७, सिन्धुली | 10,150,829 | 6,782,613 | 282,282 | 1,197,784 | 915,502 |
| कार्यालय आवास भवन निर्माण | MRM/Sindhuli/Works/NCB/03/2078-079 | श्री श्रीजल निर्माण सेवा, मरिण न.पा—७, सिन्धुली | 8,272,621 | 5,308,616 | 421,582 | 260,036 | 161,546 |
| पन्चकन्या पोखरि पर्यटकिय पुर्वाधार lgdf{ण | MRM/Sindhuli/Works/NCB/07/2078-079 | श्री अधिकारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., दुधौली, सिन्धुली | 8,863,979 | 5,321,656 | 885,676 | 609,952 | 275,724 |
| गाउँपालिका प्रशासकीय भवन परिसर व्यवस्थापन तथा कम्पाउण्ड वाल निर्माण | MRM/Sindhuli/Works/NCB/01/2079-080 | सरस्वती निर्माण सेवा, सुनकोशी-४, सिन्धुली | 5,710,072 | 34,39,099.40 | 306,174 | 472,189 | 166,016 |
| महेश्वता हरिहरपुरगढी सडक | MRM/Sindhuli/Works/NCB/6/2079-080 | श्री नमोबुद्ध निर्माण सेवा एण्ड नमस्ते जनरल सप्लायर्स, मरिण-६, सिन्धुली | 855,459,623 | 55,71,967,52 | 477,442 | 181,125 | 296,317 |
| मथौली भालुखोला सिंचाई आयोजना,मरिण-३ | MRM/Sindhuli/Works/NCB/8/2079-080 | मरिणमाई कन्स्ठ्रक्सन, कलङ्कि, काठमाण्डौ | 2,115,156 | 18,26,441.86 | 81,955 | 341,839 | 259,885 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्युरीआम्वास ज्यामिरे सडक स्तरोन्नती, मरिण गा.पा.सिन्धुली | MRM/Sindhuli/Works/NCB/9/2079-080 | अम्बर निर्माण सेवा, कमलामाई-9, सिन्धुली | 4,254,848 | 27,32,191.12 | 106,479 | 137,874 | 31,395 |
| कपिलाकोट शाखा रेडक्रम भवन निर्माण | MRM/Sindhuli/Works/NCB/11/2079-081 | प्रतिभा कन्स्ट्रक्सन, काठमाण्डौ | 2,176,391 | 16,70,294.50 | 14,822 | 203,349 | 188,527 |
| घाटा खञ्ज्नी फर्से ज्यामिरे चुरे सडक | MRM/Sindhuli/Works/NCB/12/2079-080 | प्रतिभा कन्स्ट्रक्सन, काठमाण्डौ | 6,851,216 | 68,01,315.25 | 226,950 | 3,620 | 223,329 |
| खानेपानी योजना वडा नं.4 | MRM/Sindhuli/Works/NCB/14/2079-082 | श्री अम्बर शान्ति बिल्डर्स एण्ड सप्लायर्स, महालक्ष्मी-08, ललितपुर | 12,851,551 | 7,818,668 | | 1,085,541 | 1,085,541 |
| जम्मा | | | | | | | 36,03,781 |